*अध्याय आठ*

# पोखरेली एफएम रेडियोमा समाचार

## कृष्ण अधिकारी

पोखरामा २०५८ सालको आरम्भसँगै चारओटा एफएम रेडियो स्टेसनहरूले प्रसारण प्रारम्भ गरेका थिए । काठमाडौँको इमेज एफएमले पनि २०६१ सालको अन्ततिर पोखरा र पूर्वाञ्चलबाट एकै साथ रिले प्रसारण आरम्भ गऱ्यो । काठमाडौँकै कान्तिपुर एफएमका समाचारसहित केही कार्यक्रम २०६१ माघ १२ देखि पोखरा एफएममार्फत प्रसारण गर्ने बन्दोबस्त पनि मिलाइएको थियो । तसर्थ विभिन्न एफएमबाट प्रसारित थरीथरीका सामग्रीहरू पोखरेली श्रोताहरूले सुन्न सकेका छन् ।

पोखराका चारओटै एफएममा मनोरञ्जनात्मक कार्यक्रमका साथै समाचार र समाचारमूलक कार्यक्रम प्रसारण हुने गरेका थिए । रेडियो अन्नपूर्णले २०५८ वैशाख १३ मा परीक्षण प्रसारण आरम्भ गरेर त्यसको दुई हप्तापछि (वैशाख २६ गतेदेखि) *अन्नपूर्ण हाइलाइट्स* अन्तर्गत स्थानीय पत्रपत्रिकाका समाचार प्रसारण गर्न थालेको थियो । माछापुच्छ्रे एफएमले २०५७ चैत ५ बाट आफ्नो प्रसारण थालेको हो । यसले २०५८ जेठको दोस्रो सातादेखि स्थानीय पत्रपत्रिकाका समाचारलाई *हालचाल*का नामबाट प्रसारण गर्न थाल्यो । यद्यपि यस कार्यक्रमले

पछिसम्म निरन्तरता भने पाएन। २०५८ भदौदेखि नै माछापुच्छ्रे एफएमले काठमाडौँस्थित कम्युनिकेसन कर्नरले उत्पादन गरेको समाचारमूलक कार्यक्रम *कायाकैरन* प्रसारण गर्न थाल्यो । २०५८ वैशाख २४ (बुद्ध पूर्णिमा) देखि प्रसारण आरम्भ गरेको पोखरा एफएमले सुरुमा साङ्गीतिक कार्यक्रमलाई मात्र समेट्ने योजना बनाएको थियो । तर २०५९ कात्तिकदेखि *पोखराको सेरोफेरो* शीर्षकमा स्थानीय समाचार पनि दिन थाल्यो । हिमचुली एफएमले २०५७ चैत ३१ देखि परीक्षण प्रसारण आरम्भ गरेको थियो । २०५८ साउनदेखि नियमित प्रसारणको सुरुआतसँगै यो रेडियोले काठमाडौँको रेडियो सगरमाथाले तयार पारेको *पत्रपत्रिकाको सँगालो* प्रसारण गर्न थाल्यो । यसमा काठमाडौँबाट प्रकाशित पत्रपत्रिकाका प्रमुख समाचार समेटिएका हुन्थे । *पत्रपत्रिकाको सँगालो* प्रसारण गर्न थालेको झन्डै एक महिनापछि *पत्रपत्रिकाको पातो* नामबाट स्थानीय पत्रिकाका समाचार पनि दिन थालियो ।[1] समय क्रमसँगै यी एफएम स्टेसनमा समाचार बुलेटिनको सङ्ख्या बढ्दै गए । सबै रेडियो स्टेसनले समाचारलाई प्राथमिकता साथ बजाइरहेका थिए ।

पोखरेली एफएम रेडियोका समाचारका विविध पक्षबारे विभिन्न विवरण सङ्कलन गर्ने उद्देश्यले २०६१ चैत ५ देखि चैत १९ सम्म र २०६२ वैशाख २९ देखि जेठ २ सम्मको अवधिमा स्थलगत अध्ययन गरिएको थियो । त्यस प्रक्रियामा रेडियो स्टेसनसम्बद्ध व्यक्तिहरूका साथै रेडियो समाचारप्रति रूचि राख्ने अन्य केही व्यक्तिसँग कुराकानी गरिएको थियो । त्यसबाहेक उपलब्ध हुन सकेका समाचारका केही पुराना रेकर्ड पनि सुनिएको थियो । यस लेखमा पोखरेली एफएम रेडियोका समाचार प्रसारणको विभिन्न आयामलाई खोतल्ने प्रयास गरिएको छ। यहाँ समाचार बुलेटिनको सङ्ख्या र समय, समाचारका विषय, समाचारका स्रोत, जनशक्ति, अर्थतन्त्र, व्यवस्थापनबारे बेग्लाबेग्लै खण्डमा चर्चा गरिएको छ ।

## पोखरेली एफएममा समाचारको स्थान

पोखराका एफएम रेडियोहरूमा २०६१ माघ १९ को अघिल्लो दिनसम्म दैनिक ५९ ओटा समाचार बुलेटिनले कुल १४ घण्टा ४० मिनेट समय ओगटेका थिए (हेर्नुहोस् तालिका ८.१) । समाचारको प्रकृतिलाई तीन किसिमले वर्गीकरण गर्न सकिन्छ। तिनमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार पर्दछन्। चारै स्टेसनले राष्ट्रिय समाचारलाई नै बढी समय छुट्टयाएका थिए ।

---

[1] यो अनुच्छेदमा उल्लेख भएका विवरणहरू स्टेसनका सम्बन्धित व्यक्तिसँग गरिएको कुराकानीमा आधारित छन् ।

**तालिका ८.१: पोखराका एफएममा दैनिक समाचार बुलेटिनको सङ्ख्या र तिनले ओगटेको अवधि**

| **स्टेसनको नाम** | **दैनिक प्रसारण अवधि (घण्टा)** | **बुलेटिन सङ्ख्या** | **समाचारले ओगटेको अवधि (घण्टा)** |
|---|---|---|---|
| हिमचुली एफएम | १७ | ९ | २ घण्टा |
| रेडियो अन्नपूर्ण | १९ | १६ | ३ घण्टा ३० मिनेट |
| माछापुच्छ्रे एफएम | १९ | ११ | ३ घण्टा ३० मिनेट |
| पोखरा एफएम | १८ | ११ | ३ घण्टा ४० मिनेट |
| इमेज एफएम | २४ | १२ | २ घण्टा |
| **जम्मा** | **९७** | **५९** | **१४ घण्टा ४० मिनेट** |

स्रोतः सम्बन्धित स्टेसनहरू ।

यी स्टेसनहरूले अन्य स्टेसन वा संस्थाका समाचारको रिले प्रसारणको चाँजोपाँजो पनि मिलाएका थिए (हेर्नुहोस् तालिका ८.२) । हिमचुली एफएमले काठमाडौँको रेडियो सगरमाथाको *पत्रपत्रिकाको सँगालो* रिले गर्थ्यो । माछापुच्छ्रे एफएमले कम्युनिकेसन कर्नरको *कायाकैरन* प्रसारण गर्थ्यो भने पोखरा एफएमले काठमाडौँको कान्तिपुर एफएमको *कान्तिपुर समाचार* प्रसारण गर्थ्यो । त्यसबाहेक रेडियो अन्नपूर्ण र हिमचुली एफएमले बीबीसी नेपाली सेवाको कार्यक्रम पनि प्रसारण गर्दै आएका थिए । हिमचुली एफएमले बीबीसी नेपाली सेवाको पहिलो सभा (बेलुका ८:४५-९:१५ बजेसम्म) मात्र प्रसारण गर्थ्यो भने रेडियो अन्नपूर्णले दुवै सभा (८:४५-९:१५ र १०:४५-११:०० बजेसम्म) प्रसारण गर्दथ्यो । रेडियो नेपालको राष्ट्रिय प्रसारणको बिहान ७:०० बजेको समाचार सबै स्टेसनले बजाउँथे । बेलुका ७:०० बजेको समाचार भने कुनैमा बज्थ्यो कुनैमा बज्दैनथ्यो ।[२]

## *तयारी समाचार*

नेपालमा एफएम रेडियो स्टेसनको बिस्तारपछि यससँग सम्बन्धित अरू नयाँ व्यवसाय पनि देखा परेका छन् । तीमध्ये समाचार उत्पादनमा निजी संस्थाको उपस्थिति पनि एक हो । सरकारी स्वामित्वको समाचार एजेन्सी– राष्ट्रिय समाचार समिति (रासस) ले मात्र समाचार बनाएर विक्री गर्दै आएको थियो । पछिल्ला केही वर्षदेखि एफएम रेडियोका लागि यस्तो काम निजी क्षेत्रबाट पनि

[२] पोखरा एफएमले रेडियो नेपालको बेलुका ७:०० बजेको समाचार नबजाई छुट्टै साङ्गीतिक कार्यक्रम बजाउने गरेको थियो । माछापुच्छ्रे एफएमले अरू दिन प्रसारण गरे पनि आइतबार बेलुका ७:०० बजे रेडियो नेपालको समाचार प्रसारण गर्दैनथ्यो । बरु त्यस समयमा यसले *साथीसँग मनका कुरा* भन्ने किशोर किशोरी लक्षित कार्यक्रम बजाउँथ्यो ।

हुँदै आएको थियो । अन्य संस्थाले उत्पादन गरेको समाचारलाई आफ्नो प्रसारणमा समावेश गर्नका लागि पनि रेडियो स्टेसनहरूले लगानी गरेका थिए । हिमचुली एफएम र माछापुच्छ्रे एफएमले काठमाडौँको कम्युनिकेसन कर्नरबाट उत्पादन भएका समाचारमूलक कार्यक्रमलाई पैसा तिरेर प्रसारण गर्ने गरेका थिए ।[३] अर्थात् समाचारलाई प्याकेजका रूपमा बिक्री गरिने परिपाटी सुरु भएको थियो । कम्युनिकेसन कर्नरले समाचार प्याकेज बेच्दा स्टेसनको प्रकृतिअनुसार समाचारको मूल्य लिने गरेको थियो । हिमचुली रेडियोले २०६० फागुनदेखि कम्युनिकेसन कर्नरबाटै उत्पादन भएको *नेपाल दर्पण* नामक समाचारलाई दैनिक दुईपटक बजाएबापत मासिक छ हजार तिर्ने गरेको थियो भने रेडियो सगरमाथाको *पत्रपत्रिकाको सँगालो* निःशुल्क प्राप्त गरी प्रसारण गरेको थियो । माछापुच्छ्रे एफएमले वि.सं. २०५८ सालदेखि २०६० पुससम्म समाचार बुलेटिन *कायाकैरन*लाई मासिक रुपियाँ १५ हजार तिरेर प्रसारण गरेको थियो, जुन कार्यक्रम दैनिक बिहान आधा घण्टा बज्थ्यो । २०६१ मङ्सिर १८ देखि भने कम्युनिकेसन कर्नरले अर्को एउटा समाचार बुलेटिन पनि थप गऱ्यो र बुलेटिनको सङ्ख्या छ पुऱ्यायो । दैनिक चारओटा समाचारको लागि सामुदायिक रेडियोलाई सरदर सात हजार र दैनिक छओटा समाचारको लागि व्यापारिक रेडियोलाई सरदर ३५ हजार राखिएको थियो । यस्तै पोखरा एफएमले पनि काठमाडौँकै कान्तिपुर एफएमको *कान्तिपुर समाचार*लाई हुक गरी सीधै प्रसारण गर्दथ्यो ।[४] रेडियो अन्नपूर्णले काठमाडौँबाट समाचार पठाउनको लागि संवाददाता राखेको थियो । काठमाडौँबाट प्रकाशित विभिन्न पत्रपत्रिका र काठमाडौँमा नै हुने गतिविधिका समाचारलाई फ्याक्स गरेर पठाउने काम संवाददाताले गर्दथे ।

---

[३] कम्युनिकेसन कर्नर रेडियो कार्यक्रम उत्पादन गर्ने अनुमति प्राप्त संस्था हो । यसले अन्य विकासमूलक कार्यक्रमका अलावा समाचारमूलक कार्यक्रमहरू पनि उत्पादन गरेर उपत्यकाबाहिरका विभिन्न एफएम स्टेसनहरूलाई भिस्याटमार्फत सम्प्रेषण गर्दछ । यसले उत्पादन गर्ने समाचारमूलक कार्यक्रमहरू *कायाकैरन, नेपाल दर्पण* र *नेपाल खबर* हुन् । कम्युनिकेसन कर्नरबारे विस्तृत जानकारीका लागि अध्याय १ हेर्नुहोस् ।

[४] प्रीतममान बुद्धाचार्यसँग २०६१ चैत २८ मा गरिएको कुराकानी अनुसार *कान्तिपुर समाचार* हुक गरेबापत पोखरा एफएमले कान्तिपुर एफएमलाई कुनै शुल्क तिरेको थिएन । प्रसारण गरेको समाचारबापत काान्तिपुरले कुनै शुल्क दाबी नगर्ने र आफ्नो रेडियोबाट समाचार प्रसारण भयो भनेर प्रसारण समयको पैसा पोखरा एफएमले पनि माग्न नपाउने सम्झौता एक आपसमा गरिएको थियो । उनी आफूलाई कार्यक्रम चाहिएकोले कान्तिपुरका कार्यक्रम 'हुक' गरिएको बताउँछन् । यसरी कार्यक्रम बजाउँदा तीसँगै आउने विज्ञापनसमेत प्रसार गरिन्थे । एक हप्ता मात्र बजेको *कान्तिपुर समाचार*को प्रभावकारिताबारे प्रतिक्रिया नआउँदै समाचार बन्द भयो । कान्तिपुर एफएम र पोखरा एफएमबीच भएको सहमति आन्तरिक भएकाले बताउन नमिल्ने कान्तिपुरका स्टेसन म्यानेजर प्रभात रिमालले जानकारी गराए । स्वभावतः काठमाडौँमा मात्र समाचार प्रसार हुँदा विज्ञापन गरेबापत लाग्ने बजेटभन्दा पोखरामा समाचार प्रसारण हुँदा बढी रकम बुझाउनु पर्ने हुन्छ ।

## तालिका ८.२: २०६१ माघ १९ भन्दा अघि पोखराका एफएमहरूमा समाचार बुलेटिनको स्थिति

| स्टेसनको नाम | बिहान | दिउँसो | बेलुका | बुलेटिनको नाम |
|---|---|---|---|---|
| पोखरा एफएम | | १२:००-१२:१० | | कान्तिपुर समाचार (काठमाडौँ) |
| | ६:००-६:३० | १२:१०-१२:१५ | ६:००-६:३० | पोखरा समाचार (स्थानीय) |
| | | २:४५-३:०० | | पोखरा समाचार (स्थानीय) |
| | ६:३०-७:०० | | ६:३०-७:०० | कान्तिपुर समाचार (काठमाडौँ) |
| | | ३:००-३:१५ | ९:००-९:३० | कान्तिपुर समाचार (काठमाडौँ) |
| | ७:००-७:१५ | | | रेडियो नेपालको समाचार (काठमाडौँ) |
| | ८:००-८:१० | | | कान्तिपुर न्यूज (अङ्ग्रेजी) |
| रेडियो अन्नपूर्ण | ६:००-६:४५ | १२:००-१२:०५ | ५:००-५:०५ | अन्नपूर्ण हाइलाइट्स |
| | ७:००-७:१५ | | | रेडियो नेपालको समाचार (काठमाडौँ) |
| | ९:००-९:०५ | १:००-१:०५ | ५:४५-६:०० | अन्नपूर्ण हाइलाइट्स |
| | १०:००-१०:०५ | २:००-२:१० | | " |
| | ११:००-११:१० | ३:००-३:०५ | | " |
| | | ४:००-४:०५ | | " |
| | | | ७:००-७:१५ | रेडियो नेपालको समाचार (काठमाडौँ) |
| | | | ८:४५-९:१५ | बीबीसी नेपाली सेवा (लण्डन, पहिलो सभा) |
| | | | ९:५०-१०:१० | अन्नपूर्ण हाइलाइट्स |
| | | | १०:४५-११:०० | बीबीसी नेपाली सेवा (लण्डन, दोस्रो सभा) |
| माछापुच्छ्रे एफएम* | ६:००-६:३० | | | कायाकैरन (काठमाडौँ) |
| | ६:३०-६:५० | | ५:३०-६:०० | माछापुच्छ्रे डायरी |
| | ७:००-७:१५ | | | रेडियो नेपालको समाचार (काठमाडौँ) |
| | ९:००-९:१० | १२:००-१२:१० | | नेपाल खबर (काठमाडौँ) |
| | | ३:००-३:१० | ६:००-६:१० | नेपाल खबर (काठमाडौँ) |
| | | | ७:००-७:१५ | रेडियो नेपालको समाचार (काठमाडौँ) |
| | | | ८:००-८:३० | नेपाल दर्पण (काठमाडौँ) |
| | | | ८:३०-९:०० | माछापुच्छ्रे डायरी |
| हिमचुली एफएम | ५:४५-६:१५ | | | हिमचुली बुलेटिन |
| | ६:१५-६:४५ | | | पत्रपत्रिका सँगालो (काठमाडौँ) |
| | ७:००-७:१५ | | | रेडियो नेपालको समाचार (काठमाडौँ) |
| | ९:००-९:१० | १२:००-१२:१० | ६:००-६:१० | नेपाल खबर (काठमाडौँ) |
| | ९:१०-९:२५ | २:००-२:१५ | | हिमचुली बुलेटिन |
| | | ३:००-३:१० | | नेपाल खबर (काठमाडौँ) |
| | | | ७:००-७:१५ | रेडियो नेपालको समाचार (काठमाडौँ) |
| | | | ८:४५-९:१५ | बीबीसी नेपाली सेवा (लण्डन, पहिलो सभा) |
| | | | ९:१५-९:३० | हिमचुली बुलेटिन |
| इमेज एफएम** | ६:००-६:३० | | ६:००-६:३० | इमेज समाचार |
| | ७:००-७:१५ | | | रेडियो नेपालको समाचार (काठमाडौँ) |

स्रोतः सम्बन्धित स्टेसन ।

* माछापुच्छ्रे एफएममा तालिकामा उल्लिखित बुलेटिनबाहेक बिहान ८:०० देखि राति १०:०० बजेसम्म प्रत्येक घण्टामा ६० सेकेण्डको *माछापुच्छ्रे डायरी* प्रसारण हुने गर्दथ्यो ।

** नियमित बुलेटिन बाहेक इमेज एफएमले बिहान ९:०० बजेदेखि साँझ ५:०० बजेसम्मको अवधिमा प्रत्येक घण्टामा पाँच-पाँच मिनेटको *इमेज हाइलाइट्स* दिने गरेको थियो ।

हिमचुली एफएमले दैनिक १७ घण्टाको प्रसारण अवधिमा २ घण्टा समाचार प्रसारण गर्दथ्यो । रेडियो अन्नपूर्ण र माछापुच्छ्रे एफएमले दैनिक १९ घण्टामा ३ घण्टा ३० मिनेट समाचार प्रसारण गरेका थिए । पोखरा एफएमले पनि १८ घण्टाको प्रसारण अवधिमा ३ घण्टा ४० मिनेट समाचारको लागि छुट्याएको थियो (हेर्नुहोस् तालिका ८.१) ।

इमेज एफएम पोखरामा पनि प्रसारण हुने भएकाले पोखरेलीहरूका लागि थप विकल्प प्राप्त भएको थियो ।[५] तर यसले पोखराबाट आफैले समाचार उत्पादन गर्ने नभई काठमाडौँकै समाचारलाई रिले गर्दथ्यो । पोखराका विषयवस्तुलाई समाचारको रूपमा पठाइए पनि कमै मात्र प्रसारण भएको इमेज एफएमका पोखरास्थित संवाददाता श्रीराम सिग्देलको अनुभव छ ।[६]

सबै स्टेसनमा दैनिक रूपमा प्रसारण गरिने समाचारको समय निश्चित थियो । तर कहिलेकाहीँ अकस्मात हुने घटना या दुर्घटनालाई जुनसुकै कार्यक्रम प्रसारण भइरहे पनि बीचैमा रोकेर यी रेडियोले 'ब्रेकिङ' समाचार दिने गरेका थिए । कति समयमा के के समाचार दिने भन्नेबारेमा स्टेसनहरूको आ-आफ्नै किसिमको अभ्यास थियो । सबै रेडियोले बिहानको ६:००-७:०० बजेसम्मको अवधिलाई विशेष समय (प्राइम टाइम) मान्दै समाचार प्रसारण गरेको देखिन्छ । त्यस्तै बेलुकाको ६:००-७:०० बजेको समयमा पनि अधिकांशले विभिन्न अवधिका समाचार प्रसारण गर्ने गरेका थिए (हेर्नुहोस् तालिका ८.२) । अरू समयमा भने ५ देखि १५ मिनेट अवधिको समाचार प्रसारण हुने गर्दथ्यो । त्यसबाहेक रेडियो अन्नपूर्णले बिहान ६:०० बजेदेखि ६:४५ को समाचारमा तीन मिनेट 'जस्ताको तस्तै' भन्ने स्तम्भ राखेको थियो । यसमा समाचारलाई थप जानकारीसहित पुष्टि गर्न सम्बन्धित पक्षको आवाज सुनाउने गरिन्थ्यो । जस्तैः नेपाली काङ्ग्रेसको बैठक बस्यो, बैठकले यो यो पारित गऱ्यो भन्ने समाचारपछि त्यसबारे नेपाली काङ्ग्रेसका प्रवक्ताको बोली सुनाइन्थ्यो । अरू स्टेसनले त्यस्तो निश्चित स्तम्भ र त्यसका लागि समय छुट्याएका थिएनन् ।

## समाचारका विषय र भाषा

प्रारम्भमा पोखराका स्टेसनहरूले मनोरञ्जनलाई नै प्राथमिकतामा राखेका थिए । गीत/सङ्गीतबाहेक श्रोताबाट समाचारको पनि माग भएपछि स्टेसनहरूले समाचार

---

[५] इमेज एफएम २०५५ सालदेखि नै केएटिएच ९७.९ को नामबाट प्रसारणमा थियो । पोखरा र पूर्वाञ्चलको भेडेटारबाट पनि २०६१ साउन १ देखि प्रसारण आरम्भ गरेको यस एफएम स्टेसनको नाम परिवर्तन गरी इमेज एफएम बनाइएको हो ।

[६] इमेज एफएमका पोखरास्थित संवाददाता श्रीराम सिग्देलसँग २०६१ चैत १७ मा गरिएको कुराकानीमा आधारित ।

प्रसारण गर्न थाले । समाचारमा साधारणतया राजनीतिक विषयवस्तुले प्राथमिकता पाएका थिए । राजनीतिमा पनि स्थानीय समसामयिक राजनीतिका विषयले भन्दा राष्ट्रिय राजनीतिका विषयले बढी ठाउँ पाउँथे । राजनीतिक विषयले प्राथमिकता पाउन थालेपछि रेडियो स्टेसनहरूले विकाससम्बन्धी गतिविधिहरू जस्तैः सडक, मौसम, हावापानी, यातायात, शिक्षा, स्वास्थ्यका विषयहरू केही ओझेलमा पर्न पुगे । नेपालको हरेक क्षेत्रमा राजनीति हावी भएकाले त्यसको असर रेडियोमा देखिएको थियो । समाचारमा राजनीति मुखर भएको बक्स नं. ८.१ र ८.२ ले पनि देखाउँछन् ।

**बक्स नं. ८.१: हिमचुली एफएमको *हिमचुली बुलेटिन* (२०६१ मङ्सिर ५ गते राति ९:१५) मा प्रसारित समाचारका मुख्य शीर्षकहरू**

- त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयका सह-परीक्षा नियन्त्रक इन्द्रबहादुर आचार्यको पोखरामा गोली हानी हत्या
- शान्ति वार्ताका लागि सरकार संविधान सभामा जान पनि तयार रहेको उप-प्रधानमन्त्री भरतमोहन अधिकारीद्वारा जानकारी
- सरकार र माओवादीबीच युद्धविराम भङ्ग भएपछि ३२०० व्यक्तिको मृत्यु भएको शाही नेपाली सेनाद्वारा खुलासा
- नवलपरासी र रुपन्देहीमा माओवादीद्वारा तीन यात्रु बसमा आगजनी
- माओवादी पुस महिनाभित्र वार्तामा नआए सरकारले चैतदेखि चुनावी प्रक्रिया सुरु गर्ने
- लेखनाथ महोत्सवबारे जानकारी दिन पोखरा पर्यटन बोर्डमा एक कार्यक्रमको आयोजना
- राप्रपा कार्यकर्ता भेलाको तयारी पूरा
- गण्डकी धौलागिरि सार्वजनिक यातायात सेवा समितिको प्रथम अधिवेशन आरम्भ
- नेपाली काङ्ग्रेस सभापति गिरिजाप्रसाद कोइरालाद्वारा विदेशी शक्तिहरूसँगको गृहकार्यपछि मात्र माओवादीसँगको शान्ति वार्ता थाल्नुपर्ने कुरामा जोड
- सुरक्षा फौज र माओवादीबीच कैलालीमा भिडन्त
- नेकपा एमालेको अञ्चलस्तरीय बैठक सुरु
- विन्ध्यबासिनी उच्च मावि बाटुलेचौरका कक्षा १० का ५६ जना छात्रालाई कानूनी शिक्षा कार्यक्रम प्रदान
- क्षेत्रीय होटल सङ्घ पोखराद्वारा पोखरा संसारकै सुन्दर सहर भएको दाबी
- ब्रह्मकुमारी राजयोग केन्द्र दमौली शाखाद्वारा तनहुँको ढकालटारमा आध्यात्मिक प्रवचन कार्यक्रम सम्पन्न
- पोखरा उद्योग वाणिज्य सङ्घद्वारा पोखरा उद्योग व्यापार मेला आयोजना गरिने

स्रोतः स्टेसनबाट प्राप्त समाचारको अडियो रेकर्ड ।

बक्समा दिइएका यी समाचार एक दिनका मात्र भएकाले समाचारको प्रकृति नै यही हो त भन्न सकिँदैन । तर बक्समा उल्लेख भएका समाचारका आधारमा दुईतीन कुराको अन्दाज भने गर्न सकिन्छ । हिमचुली एफएमले सो दिन प्रसारण गरेको १५ समाचारमध्ये राजनीतिसम्बन्धी समाचार नौओटा थिए । जबकि गैर राजनीतिक (व्यापार १, पर्यटन १, शिक्षा १, अन्य ३) समाचार जम्मा छओटा थिए । अन्तर्राष्ट्रिय र खेलकुदको गतिविधिलाई त्यस दिनको समाचारमा समेटिएको थिएन । एकपटक प्रसार भइसकेका *कायाकैरन* र रेडियो नेपालको समाचारमा परेका विषयहरूलाई स्टेसनहरूले सकेसम्म दोहोऱ्याएका थिएनन् । रेडियो नेपाल वा अन्य प्याकेजका समाचारमा प्रसार भइसकेका विषयहरूलाई नसमेटिने हुँदा अन्तर्राष्ट्रिय गतिविधि र खेलकुद समाचारहरू त्यसदिन प्रसारण हुन नसकेका हुन् । प्रसारण भएका राजनीतिक समाचारमा राष्ट्रिय राजनीतिसम्बन्धी सात र स्थानीय समाचार जम्मा दुई थिए ।

त्यस्तै, रेडियो अन्नपूर्णले प्रसारण गरेका २५ समाचारमध्ये राजनीतिसम्बन्धी सात, अन्तर्राष्ट्रिय चार, खेलकुद तीन, स्वास्थ्य दुई र बाँकी अन्य छन् (हेर्नुहोस् बक्स नं. ८.२) । राजनीतिसम्बन्धी समाचारमा पनि सबै राष्ट्रिय राजनीतिसँग सरोकार भएका विषयमात्र समावेश थिए । तर यो एकदिनको बुलेटिनलाई अगाडि सारेर सधैँभरि समाचारको प्रारूप यस्तै हो भन्न खोजिएको होइन । समाचारहरू घटनाप्रधान र विषयप्रधान हुने भए तापनि पोखरेली रेडियोहरूबाट भने घटनाप्रधान विषयवस्तु बढी प्रसारण भएका थिए ।

स्टेसनहरूले आ-आफ्नै किसिमले आफ्नो पहुँचको क्षेत्र निर्धारण गर्दै आएका छन् । बढीभन्दा बढी भूभागमा आफ्नो प्रसारण पुगेको दाबी गरेको पाइन्छ । रेडियो अन्नपूर्णले त आफूलाई झन् क्षेत्रीय रेडियोको रूपमा अघि सारेको छ । तर विषयवस्तुका हिसाबले पोखराका रेडियोहरू आफूलाई स्थानीय घेरामा मात्र सीमित गर्न रुचाउँदैनन् । समग्रमा हेर्दा यी रेडियो स्टेसनका समाचारमा राष्ट्रिय सरोकारका विषयले पनि पाएको देखिन्छ । यस सन्दर्भमा रेडियो अन्नपूर्णका स्टेसन इन्चार्ज दीपेन्द्र श्रेष्ठ भन्छन्–

> श्रोताका रुचिअनुसार नै राष्ट्रिय घटनाहरूलाई समेट्ने गरिएको हो । काठमाडौँबाट प्रकाशित पत्रपत्रिकाहरू बिहान यहाँ ढिलो आइपुग्छन् । तर श्रोताहरू राष्ट्रिय समाचार सुन्न आतुर हुन्छन् । पत्रिका बजारमा आएपछि पनि किन्नको लागि बजारसम्मै जानुपर्ने, दैनिक खर्चसमेत गर्नुपर्ने हुन्छ । त्यसैले रेडियोमा राष्ट्रिय स्तरका समाचार सुन्न श्रोताहरू नै जिज्ञासु हुन्छन् । तर स्थानीय समाचार पनि हाम्रो समाचार बुलेटिनमा परेकै हुन्छन् ।[७]

[७] २०६१ चैत ११ र १४ मा दीपेन्द्र श्रेष्ठसँग गरिएको कुराकानीबाट ।

**बक्स नं. ८.२: रेडियो अन्नपूर्णको *अन्नपूर्ण हाइलाइट्स* (२०६० फागुन १३ बिहान ६:००) मा प्रसारित समाचारका मुख्य शीर्षकहरू**

- एमनेस्टी इन्टरनेसनलद्वारा माओवादी नेता मातृका यादव र सुरेश आलेमगरको स्थिति सार्वजनिक गर्न माग
- माओवादी कार्यकर्ता ग्रिनेड पड्केर घाइते
- सम्पत्ति जाँचबुझ न्यायिक समितिको काम कारबाही तीव्र/ *स्पेशटाइम*
- हेमनारायण यादव हत्याकाण्डको विभिन्न सङ्घसंस्था र व्यक्तिबाट भर्त्सना
- पाँचदिने नेपाल बन्दबारे बहालवाला मन्त्रीको प्रतिक्रिया/ *नेपाल समाचारपत्र*
- पोखरा उद्योग वाणिज्य सङ्घद्वारा शनिबार पसल बन्द गर्ने अपिल
- सडक व्यापारबारे फिचर
- माओवादीद्वारा गुल्मीका जिल्ला विकास सभापतिलाई राजीनामा दिन आग्रह
- मुख्य सचिव विमल कोइरालाद्वारा छिट्टै सचिवहरूलाई जिम्मेवारी दिने
- दाङमा दोहोरो भिडन्त
- बाग्लुङमा दृष्टिविहीन बालिकालाई प्राचार्यद्वारा दुर्व्यवहार
- मुगु जिल्लामा औषधीको अभाव: रुघाखोकी लागेर १२ जनाको मृत्यु
- मलेसियामा अज्ञात समूहद्वारा नेपालीमाथि आक्रमण: पाँच जना नेपाली घाइते एक व्यक्तिको मृत्यु
- एड्स रोग नियन्त्रणसम्बन्धी कार्यशाला गोष्ठी
- बाटुलेचौरमा एक मृतक व्यक्ति भेटिए
- सहारा क्लबलाई विदेशीद्वारा सहयोग: खेलकुदका सामान हस्तान्तरण
- नेपाल यातायात व्यवसायी सङ्घद्वारा नेपाल-भारत सीधा बस यातायातको विरोध
- बाग्लुङ जिल्ला अदालतद्वारा माओवादीलाई जेल चलान
- नेपाल ओलम्पिक कमिटिको दर्ता रद्द
- बारा जिल्लामा दाइजोको कारण इनारमा खसाली एक महिलाको हत्या/ *राजधानी*
- पाकिस्तानी सेना र अल कायदाबीच अफगानिस्तानको सीमानामा भिडन्त
- भारतका प्रधानमन्त्री अटल बिहारी बाजपेयीद्वारा अयोध्या काण्डभन्दा आर्थिक कुरालाई जोड दिन आग्रह
- मोरक्कोमा भूकम्पबाट तीन सयको मृत्यु
- रुसी राष्ट्रपतिबाट प्रधानमन्त्री हटाई मन्त्रीपरिषद् विघटन
- बङ्गलादेशमा भइरहेको क्रिकेट म्याचमा स्कटल्याण्डद्वारा नेपाल तीन विकेटले पराजित

स्रोत: स्टेसनबाट प्राप्त समाचारको अडियो रेकर्ड ।

काठमाडौँबाट प्रकाशित पत्रिकाहरूमा प्राय: सरकारका काम कारबाही, मन्त्रीका भनाइ, आर्थिक सामाजिक कुराहरू मात्र नभई राजधानीमा हुने अन्य गतिविधि छापिन्थे । पोखरामा बस्ने व्यक्तिहरूका लागि राजधानीमा भएका यस्ता गतिविधिप्रति विशेष चासो हुन्थ्यो । सरकारी गतिविधि काठमाडौँबाट प्रसारित रेडियो नेपालबाट

सुन्न पाइने भए पनि ती समाचारमा एकोहोरो प्रस्तुति मात्र हुने गर्दथे । सरकारको विपक्षमा बोलिएका भनाइ वा तर्कहरू थाहा पाउनको लागि पनि पत्रपत्रिका वा अरू रेडियो नै सुन्नुपर्ने अवस्था थियो ।

समाचारमा के दिने र कसरी प्रस्तुत गर्ने भन्नेबारे रेडियो स्टेसन स्पष्ट हुनैपर्छ भन्ने धारणा कम्युनिकेसन कर्नरका प्रबन्ध निर्देशक तथा पत्रकार गोपाल गुरागाईंको छ । स्थानीय रेडियोमा हुनुपर्ने समाचारको मोडेलबारे गुरागाईं आफ्नो धारणा यसरी अघि सार्छन्–

> समाचार स्थानीय हुनुको साथै त्यसले स्थानीय पहिचान बोकेको हुनुपर्छ । समाचार जहाँको भए पनि महत्त्वपूर्ण छ भने त्यसको जानकारी पनि सम्भव भएसम्म सबै ठाउँका व्यक्तिले पाउनु पर्छ । माओवादी दबाबका कारण महत्त्व नभएको विषयले पनि रेडियोमा ठाउँ पाएका थिए । घटनाप्रधान विषय समाचार बनेकाले नै विकासे गतिविधि ओझेलमा परेका हुन् । प्रस्तुतिलाई प्रखर बनाउन र स्रोतलाई राम्ररी पुष्टि गर्न सकेमा रेडियोबाट लाभ लिन सकिने ठाउँ भने प्रशस्त छ । आफू अगाडि हुने होडमा समाचारलाई छिटो प्रसारण गरिनु हुँदैन, स्रोतको राम्रोसँग निर्क्योल भएपछि त्यसलाई पुष्टि गरेर मात्र समाचार प्रसारण गरिनुपर्छ ।[८]

सबैखाले र सबै विषय समेटेको भनिए पनि वास्तवमा काठमाडौं केन्द्रित समाचारले नै ठाउँ पाएको पुष्टि समाचारको अडियो रेकर्डबाट गर्न सकिन्छ । खेलकुदका विषयहरू (खास गरी फुटबल र क्रिकेट) ले भने तुलनात्मक रूपमा बढी ठाउँ पाएका थिए । तिनमा स्थानीय वा राष्ट्रियभन्दा अन्तर्राष्ट्रियस्तरका खेलकुदले धेरै स्थान पाएका थिए । अन्तर्राष्ट्रिय खेलकुदले बढी स्थान पाउनुको कारणबारे पोखरा एफएमका स्टेसन प्रमुख प्रीतममान बुद्धाचार्यको प्रतिक्रिया यस्तो थियो–

> स्थानीय खेल गतिविधि कहाँ कसरी भएका छन् भनेर बुझ्न केही कठिन हुन्छ । त्यसबाहेक स्थानीयस्तरमा कति नै पो गतिविधि हुन्छन् र ? जबकि काठमाडौं साथै अन्तर्राष्ट्रिय स्तरमा हुने खेल गतिविधिहरू टेलिभिजन र इन्टरनेटका कारणले सजिलै हेर्न सकिन्छ । यसबाट छिनछिनमा 'अपडेट' गर्नसमेत सकिने भएकाले पनि अन्तर्राष्ट्रिय खेलकुदका समाचारले रेडियोमा बढी ठाउँ पाएका हुन् । खेलकुदमा क्रिकेटबारे बढी समाचार आउँछ । यसो हुनुको कारण विगत ४/५ वर्षदेखि क्रिकेटमा आएको जन अभिरुचिले गर्दा पनि हो ।[९]

---

[८] २०६१ फागुन ७ र ९ मा गोपाल गुरागाईंसँग गरिएको कुराकानीबाट ।

[९] २०६१ चैत २८ मा प्रीतममान बुद्धाचार्यसँग गरिएको कुराकानीबाट ।

सबै स्टेसनका समाचारमा तत्कालका घटनाहरूले प्रशस्तै ठाउँ पाएका थिए। "समाचारमा दुर्घटना, झगडा र भिडन्तका खबरहरू प्राथमिकतासाथ प्रसारण भएका थिए। यस्ता खालका आकस्मिक खबर त चल्दै गरेका अरू कार्यक्रम रोकेर भए पनि 'ब्रेकिङ न्यूज' का रूपमा दिने गरेकाले कहाँ के भयो भनेर बुझ्न सजिलो थियो" पृथ्वीनारायण क्याम्पसका उप-प्राध्यापक विश्वकल्याण पराजुली भन्छन्।[१०]

एफएम रेडियोमा द्वन्द्वसम्बन्धी समाचारले बढी स्थान पाएको देखिन्छ। यसबारे माछापुच्छ्रे एफएमका समाचार संयोजक गङ्गाधर पराजुलीको प्रतिक्रिया यस्तो थियो–

> केन्द्रिकृत राजनीति र राष्ट्रव्यापी माओवादी विद्रोहले पारेको प्रभावको कारण समाचारमा यो विषयले बढी ठाउँ पाएको हो। विद्रोही माओवादीहरूले आफ्ना समाचार रेडियोबाट प्रसारण होस् भनी दबाब दिने हुनाले पनि केही भूमिका खेलेको हुन सक्छ। पत्रपत्रिकामा पनि द्वन्द्वसम्बन्धी समाचार आउँथे। तर त्यहाँ त्यस्ता समाचारलाई भित्री पृष्ठमा राखी प्रस्तुत गरिन्थ्यो। रेडियोमा पनि यस्ता विषयलाई कम प्राथमिकतासाथ प्रस्तुत गर्न सकिन्थ्यो तर केही रेडियो स्टेसनले भने यस्तै विषयलाई विशेष महत्त्वका साथ प्रसारण गर्दथे। समाचारको असरबारे ज्ञान नभएकाले पनि यस्तो गरिएको हुन सक्छ।[११]

स्टेसनहरूले समाचारमा राख्ने विषयवस्तु वा के के विषयलाई कस्तो प्राथमिकता दिने भन्नेबारे कुनै स्पष्ट नीति बनाएका थिएनन्। स्थानीय तहका गतिविधि, इतिहास, संस्कृति लगायत राष्ट्रिय चासोका गतिविधि र घटनाक्रमलाई नै आफ्नो प्रस्तुतिको मूलवस्तु बनाउँदै आएको पृथ्वीनारायण क्याम्पसका प्रमुख डा. दिलबहादुर क्षेत्रीको धारणा छ।[१२]

पोखरामा बढी बोलिने भाषाहरूमा नेपाली भाषाका अतिरिक्त गुरुङ, नेवार र मगर भाषा पनि हुन्। पोखरेली एफएममा भने नेपाली भाषामा मात्र समाचार प्रसारण हुने गरेका थिए। "विभिन्न भाषामा समाचार दिँदा आपसमा झन् वैमनस्य उत्पन्न गराउन सक्छ" भन्छन् हिमचुली एफएमका स्टेसन म्यानेजर दिलिप राई। काठमाडौँको हकमा काठमाडौँ महानगरपालिकाद्वारा सञ्चालित मेट्रो एफएममा नेवार र तामाङ भाषामा पनि समाचार दिने गरिएको थियो।

---

[१०] २०६१ चैत ११ विश्वकल्याण पराजुलीसँग गरिएको कुराकानीबाट।

[११] २०६१ चैत १५ मा गङ्गाधर पराजुलीसँग गरिएको कुराकानीबाट।

[१२] २०६१ चैत १९ मा दिलबहादुर क्षेत्रीसँग गरिएको कुराकानीबाट

पोखरामा स्थानीय भाषामा प्रसारण हुने केही साङ्गीतिक कार्यक्रम भए पनि स्थानीय भाषाको समाचारले स्थान पाउन सकेको थिएन ।

काठमाडौँका एफएम रेडियोले गरेको समाचार प्रसारणको सफलताबाट पोखरेली एफएम स्टेसनमा पनि समाचारप्रति आकर्षण बढेको हो । "रेडियोले समाचार दिनुपर्छ भन्ने थियो । के-के दिनेभन्दा पनि रेडियो नेपालको समाचार मात्र सुनिरहेकाले त्योभन्दा भिन्दै शैलीले रेडियो अन्नपूर्णमा समाचार दिन थालिएको थियो" प्रकाश सायमी भन्छन् । पछिल्लो चरणमा सबै रेडियोले समाचारलाई प्राथमिकतामा राखेका थिए । देशमा चलिरहेको हिंसात्मक द्वन्द्वका समाचारले रेडियोमा बढी ठाउँ पाएका थिए । हिमचुलीबाहेक अरू रेडियोले द्वन्द्वका समाचारलाई धेरै महत्त्व दिएको आरोप पनि सुरक्षा स्रोतसँग सम्बद्ध व्यक्तिहरूले लगाएका थिए । तर यसमार्फत माओवादी ज्यादतीको पर्दाफास गराउने काम पनि यी रेडियोहरूले गरेका तथ्यलाई उनीहरूले बेवास्ता गरेका छन् । सरकारको सूचना भन्दा पनि माओवादीका हरेक गतिविधिलाई पोखराका रेडियोहरूले महत्त्वसाथ प्रसार गरेका थिए भन्ने दाबीसमेत सुरक्षा स्रोतसँग सम्बद्ध एक व्यक्तिले बताएका थिए । कतिपय अवस्थामा सुरक्षा स्रोतलेसमेत जानकारी नपाएका र उनीहरूका लागि चाहिने कुरा रेडियोले प्रसार गरेर गुन लाएका पनि थिए । यद्यपि केही अवस्थामा माओवादीका कुरा अतिरञ्जित प्रचारबाजी पनि भएको निष्कर्ष निकाल्छन् सुरक्षा निकायका पदाधिकारीहरू ।[१३]

हिमचुली एफएमले द्वन्द्व लगायत हिंसात्मक घटना (जसलाई कडा समाचार पनि भनिन्छ) लाई कम पारेर नरम शैलीमा दिने गरेको कुरालाई रेडियो अन्नपूर्णका भूतपूर्व स्टेसन म्यानेजर प्रकाश सायमी सकारात्मक मान्दछन् । तर अन्य स्टेसनले भने नरमभन्दा कडा समाचारलाई बढी प्राथमिकता दिने गरेका थिए । जसले चाँडो समाचार दिन सक्यो उसले नै बढी श्रोताको मन जितेको ठान्दथे । यस्तो महत्त्वाकाङ्क्षा गलत हो भन्ने *हिमदूत* साप्ताहिकका सम्पादक बद्रीविनोद प्रतीकको ठम्याइ छ ।[१४]

समाचार चाँडोभन्दा चाँडो अपडेट गर्ने र बुलेटिन थपिनाले विज्ञापनको दायरा पनि बढेको थियो । समाचारकै कारणले धेरैजसो व्यवसायी रेडियो विज्ञापनप्रति आकर्षित थिए ।

---

[१३] पोखराका सुरक्षा निकायका अधिकृतले रेडियोको काम र भूमिकाबारे केही बताए पनि आफ्नो नाम र कार्यालय नलेख्न अनुरोध गरेकाले यहाँ उल्लेख गर्न सम्भव भएन ।

[१४] २०६१ चैत १५ मा बद्रीविनोद प्रतीकसँग गरेको कुराकानीबाट ।

## समाचारका स्रोत

मुख्य गरेर संवाददाता, पत्रपत्रिका, इन्टरनेट, राष्ट्रिय वा अन्तर्राष्ट्रिय टेलिभिजन च्यानल आदि नै यी एफएम रेडियोका समाचारका स्रोत हुन् । अन्तर्राष्ट्रिय अभ्यासमा पनि यिनै कुराहरूलाई नै स्रोत मान्ने गरिएको छ । प्रहरी, अदालत, सरकारी कार्यालयहरू पनि समाचारका स्रोत हुन् । त्यसबाहेक अन्य रेडियो स्टेसन र सिनेमाहरू पनि गतिला स्रोत हुन् भन्ने स्टेफन बर्नार्ड (सन् २०००: १४७) को धारणा छ । पोखराको सन्दर्भमा पनि समाचार सङ्कलन गर्न आफ्नै रिपोर्टरले मात्र नपुग्ने हुँदा अन्य मिडियालाई पनि सहयोगीका रूपमा लिएका थिए स्टेसनहरूले ।

एण्ड्र्यू बोड (सन् २००१बीः २९-४५) ले १८ किसिमका साधनलाई रेडियोको प्रभावकारी स्रोत मानेका छन् ।[१५] ती स्रोतहरूलाई खुट्ट्याएर समाचार बनाउन सके समाचार पत्यारिलो साथै स्तरीय हुन्छ भन्ने उनको राय छ । पोखराको हकमा पनि रेडियो समाचारको लागि उपयुक्त माध्यम स्थानीय तहबाट प्रकाशित हुने पत्रिकाहरू थिए । त्यसबाहेक युवा क्लब, स्कुल र अन्य संस्थाका गतिविधिहरू उनीहरूले नै फोन या फ्याक्समार्फत स्टेसनलाई उपलब्ध गराउँथे । यस्ता विषयले पनि समाचारमा स्थान पाउँथे । राष्ट्रिय वा अन्तर्राष्ट्रिय समाचारको लागि पत्रपत्रिका र टिभी च्यानलका साथै अनलाइन सेवाबाट पनि आवश्यक सूचना लिने गरिन्थ्यो । तर स्थानीय समाचारको लागि भने संवाददातामार्फत नै समाचार समेट्ने गरेका थिए । सबै स्टेसनको प्रसारण पहुँचको मुख्य क्षेत्र गण्डकी र धौलागिरि अञ्चल हुन् । अरू केही सीमावर्ती अञ्चलमा पनि ती रेडियोहरूको प्रसारण सुन्न सकिने यी स्टेसनको दावी थियो । यी स्टेसनहरूले ती दुई अञ्चलमा नै बढी रिपोर्टर राखेका थिए । तिनै रिपोर्टरमार्फत समाचार प्राप्त हुन्थे । काठमाडौं भने प्रसारण क्षेत्र नभए पनि राजधानी र राष्ट्रिय स्तरका प्रत्येक गतिविधि त्यहीँ नै हुने भएकाले आफ्नै रिपोर्टर राख्नुपर्थ्यो या अन्य मिडियासँग समाचारका लागि सहयोगको याचना गर्नु पर्दथ्यो ।

विभिन्न स्रोतबाट प्राप्त समाचार स्टुडियो वा समाचार कक्षबाट प्रसारण हुँदा विभिन्न तरीकाबाट व्यक्त हुन्थे । पहिलो, प्रसारण गर्नु अगावै विभिन्न तरिकाले

---

[१५] बोडका अनुसार यस्ता स्रोतहरू संवाददाता, सम्पर्क, समाचार कक्षको डायरी, फायल, चेक कल, आकस्मिक सेवा रेडियो, राजनीतिज्ञ, दबाब समूह, स्टेज कार्यक्रम, समाचार रिलिज, सिन्डिकेटेड रेकर्डिङ, फ्रिलाईन्सरहरू, टिप-अफ्, होयक्सेज, समाचार एजेन्सी वा बेतार सेवा, नेटवर्किङ, अन्य समाचार मिडिया, सेयर्ड मटेरियल (टिभी र रेडियोका सामग्री साटासाटा गर्ने) हुन् ।

आउने समाचारहरूलाई संवाददाता र समाचार संयोजकहरूले पढ्नको लागि लिखित पाण्डुलिपी तयार पार्दथे । त्यसरी तयार भएको अन्तिम पाण्डुलिपी नै समाचार भएर प्रसारण हुन्थ्यो । दोस्रो, कार्यक्रममा वा फिल्डमा रहेका संवाददाताले आफ्नो आवाजसहित घटना वा कार्यक्रमका बारेमा रेकर्ड गरी ल्याएका वा पठाएका सामग्री पनि समाचारका बीचमा बजाइन्थे । तेस्रो, कार्यक्रमस्थलमा बोलेका कुरालाई रेकर्ड गरेर राख्ने र रेडियोबाट समाचार दिँदा स्रोतकै आवाज पनि सुनाउने गरिएका थिए । यो चलन एफएम रेडियोहरूले नै सुरु गरेका हुन् र पछि यसलाई रेडियो नेपालले पनि प्रयोगमा ल्याएको हो । मोबाइल फोन सर्वसुलभ भएपछि यसरी संवाददाता वा स्रोतको आवाजसहित रिपोर्टिङ गर्न निकै सहज भएको थियो ।

चारओटै रेडियोका श्रोता क्लब रहेका थिए ।[१६] आफूले गरेका विभिन्न गतिविधिहरूलाई ती क्लबहरूले आफूसम्बद्ध रेडियो स्टेसनलाई पठाउने गरेका थिए । यस्ता गतिविधि सम्बन्धित रेडियोहरूले महत्त्वका साथ समाचार बनाएर प्रसारण गर्दथे ।[१७] ती क्लबहरूले टोलमा हुने सरसफाई, खेलकुद, कवितावाचन जस्ता गतिविधिलाई समाचारको रूपमा पठाउने गरेका थिए । यस्तै शुभचिन्तक वा श्रोताले फोन वा फ्याक्सबाट दिएको जानकारीलाई पनि समाचारको गतिलो स्रोत मानिएको थियो । त्यस्ता समाचारहरूलाई पुष्टि गरेर मात्र प्रसारण गर्ने गरिएको स्टेसनका सम्बद्ध व्यक्तिहरू बताउँछन् । पोखरामा आफ्ना स्रोत साधनभन्दा बाहिर शुभचिन्तकहरूले फोन गरेको आधारमा समाचार बन्ने गरेका थिए । कतिपय अवस्थामा यसरी समाचार प्रसारण गरिदिँदा तथ्य उल्टो परेका उदाहरण पनि भेटिन्छन् । यद्यपि यसरी प्राप्त समाचारलाई सम्बन्धित ठाउँमा पुष्टिका लागि सम्पर्क गरिने र पुष्टि भएपछि मात्र प्रसारण गरिने स्टेसनका अधिकारीहरू

---

[१६] रेडियोबाट प्रसारण भएका कुनै कार्यक्रम सुनेर गठन भएका समूहलाई श्रोता क्लब भन्ने गरिन्छ । सम्बन्धित कार्यक्रम चलिन्जेल श्रोता क्लब पनि जीवित हुने र रेडियोबाट कार्यक्रम हटेपछि श्रोता क्लबहरू पनि स्वतः हराउँदै जाने प्रचलन देखिन्छ । रेडियो अन्नपूर्णको मनको चौतारी साथी समूह (श्रोता क्लब) नै धेरै समयसम्म टिकेको छ । त्यस्तै रेडियो अन्नपूर्णकै अरू कार्यक्रमका पनि श्रोता क्लबहरू रहेका छन् । जागरण मिडिया सेन्टर काठमाडौँले तयार गरेको *कटुवाल* कार्यक्रमको पनि गण्डकी अञ्चलका धेरै गाउँ विकास समितिमा श्रोता क्लब रहेका छन् । हिमचुली एफएमका लेखनाथ नगरपालिकाभित्र पाँचओटा श्रोता क्लब छन् । पोखरा एफएम र माछापुच्छ्रे एफएमका पनि कार्यक्रम सम्बद्ध श्रोता क्लब रहेको दीपेन्द्र श्रेष्ठ, कमल पराजुली र सरोजगोपाल बज्राचार्य बताउँछन् ।

[१७] २०६१ चैतको पहिलो सातामा लेखबहादुर गुरुङ, दीपेन्द्र श्रेष्ठ, प्रीतममान बुद्धाचार्य र गङ्गाधर पराजुलीसँग गरिएको कुराकानीमा आधारित ।

बताउँछन् । स्टेसनहरूबीच कुनै पनि समाचार कसले पहिला दिने भन्ने होड चलेको थियो । समाचार प्रसारण गर्ने हतारले दुर्घटना निम्त्याएका उदाहरण पनि छन् ।[१८]

आफ्ना संवाददाताले तयार पारेको समाचारमा उनीहरूको नाम स्टेसनले लिने गरेका थिएनन् । तर अन्य पत्रिकाका समाचार दिँदा लेख्ने व्यक्ति र प्रकाशन गर्ने पत्रिकाको नाम दिनुपर्नेमा त्यसो नभएको गुनासाहरू पोखरामा सुन्न पाइयो । एउटै पत्रिकाका दुई-तीनओटा समाचार लिइँदा पहिलो समाचारमा पत्रिकाको नाम लिए पनि, त्यसपछि दोस्रो, तेस्रो समाचारमा पत्रिकाको नाम लिने नगरिएको रेडियो अन्नपूर्णका दीपेन्द्र श्रेष्ठ र माछापुच्छ्रे एफएमका गङ्गाधर पराजुली बताउँछन् ।


नेपालका धेरै रेडियो स्टेसनहरूले आफ्ना समाचार प्रसारण गर्दा पत्रपत्रिकाको विषयलाई ठाउँ दिएको भए पनि स्रोत उल्लेख नगर्ने चलन सामान्य हुन थालेका छन् । तथापि पत्रिकाका समाचारबाट नै धेरै रेडियो स्टेसनका समाचार बन्ने गरेका थिए । नेपालमा मात्रै नभई अमेरिकामा पनि झन्डै सन् १९५० को दशकदेखि रेडियोहरूले पत्रपत्रिकालाई समाचारको स्रोत मान्दै आएको पाइन्छ (केथ र क्राउज सन् १९८६, टम्बर सन् १९९९) ।

समाचार दिँदा स्रोतहरू खुलाउनु पर्ने भए पनि व्यावहारिक रूपमा तिनको उपयोग राम्रोसँग हुन सकेको पाइँदैन । रेडियो, टिभी र पत्रिकाहरू एक आपसमा सहयोगी रूपमा नभई प्रतिस्पर्धीको रूपमा हेर्ने चलन भएकोले नै समाचार

---

[१८] २०६० मङ्सिर २६ गते राति ९ बजेतिर पोखराको राष्ट्र बैंक आसपासको क्षेत्रमा गोली चलेको खबर रेडियो अन्नपूर्णलाई कुनै शुभचिन्तकले दियो । त्यो समाचार 'ब्रेकिङ न्यूज' का रूपमा प्रसार पनि भयो । गोली कहाँबाट चलेको हो भन्ने यकिन भइसकेको थिएन । यस अध्ययनका क्रममा भेटेकामध्ये प्रायः व्यक्तिहरू अनुमान गर्छन्– मुस्ताङ चोकबाट अचानक गोली चलेको हुनुपर्दछ । पोखराका सबै रेडियो स्टेसनले गोली चलेको सूचना पाएका थिए । रेडियो अन्नपूर्णले समाचार बजाएपछि अरू रेडियोले पनि पोखराको उक्त क्षेत्रमा गोली चलेको समाचार बजाए । सो घटनामा पोखरा- ७ का सुरेश बराल सेनाको गोली लागी मारिए । उनीसँगै रहेका साथी घाइते भए । रेडियो अन्नपूर्णले प्रसारण गरेको उक्त समाचारमा पोखराकै छोरेपाटनमा रहेको ईलाका प्रहरी चौकी माओवादीद्वारा कब्जा भएको र उनीहरू बिरौटातर्फ अगाडि बढेको खबर प्रसारण भएको थियो, जुन साँचो थिएन । उक्त खबर सुरक्षा स्रोतसँग पुष्टि गराएपछि मात्र प्रसारण गरेको दीपेन्द्र श्रेष्ठको दाबी छ । सो घटनालाई लिएर श्री ५ को सरकारले सहायक क्षेत्रीय प्रशासक बोधराज अधिकारीको संयोजकत्वमा एक छानबिन टोली पनि गठन गरेको थियो । टोलीले आफ्नो अध्ययन रिपोर्ट गृह मन्त्रालयलाई बुझाइसकेको भए पनि हालसम्म (२०६२ कात्तिकसम्म) त्यसबारेमा केही कुरा बाहिर आएको छैन । समाचारको प्रतिस्पर्धा बढी भएका कारण को पहिला हुने भन्ने होडमा सो घटना हुन पुगेको अध्ययनका क्रममा सम्पर्क गरिएका अधिकांश व्यक्तिहरूको राय छ ।

साभार गरिँदा स्रोत उल्लेख नगरिएको रेडियो अन्नपूर्णका पूर्व संवाददाता नवीन खतिवडा 'पखेली' को धारणा छ । "आफूले भन्ने समाचारको जस अरूलाई दिन नचाहेकोले पनि समाचार दिँदा स्रोतहरू नआएका हुन्" उनी थप्छन् ।[१९]



**नेपाल पत्रकार महासंघ**
**कास्की शाखा**
न्यूरोड, पोखरा, फोन नं. ०६१-५२२९०८

पत्र संख्या :-
च.नं. :-

मिति :- २०६०/३/८

## प्रेस विज्ञप्ति

आज मिति २०६० असार ८ गते नेपाल पत्रकार महासंघ कास्की शाखाको बैठक बस्यो । शाखाका सभापति पुण्य पौडेलको सभापतित्वमा सम्पन्न बैठकमा महासंघका केन्द्रीय उप-सभापति बद्रीविनोद प्रतीक, प्रेस काउन्सिलका सदस्य केशवराज पराजुली, महासंघ कास्की शाखाका सल्लाहकारहरू, केन्द्रीय पार्षद र क्रियाशील पत्रकार एवम् पत्रिकाका सञ्चालकहरूको उपस्थिति रहेको थियो ।

बैठकमा पत्रकार पदमराज पौडेलको सम्बन्धमा छानबिन गर्न गठित छानबिन समितिका संयोजक बद्रीविनोद प्रतीकले समितिको लिखित प्रतिवेदन पेश गर्नुभयो । प्रस्तुत प्रतिवेदनअनुरूप पदमराज पौडेललाई तीन दिनभित्र लिखित स्पष्टीकरण बुझाउनका लागि मौका दिएको छ । स्पष्टीकरण आएपछि पौडेलमाथि आवश्यक कारबाही गर्नका लागि छानबिन समितिको प्रतिवेदन र स्पष्टीकरणसहित केन्द्रीय समितिमा सिफारिस गर्ने सर्वसम्मत रूपमा निर्णय गरिएको छ ।

पोखराका पत्र-पत्रिका र एफ.एम. रेडियोद्वारा प्रकाशित र प्रसारित समाचारको सम्बन्धमा व्यापक छलफल हुँदा समाचारको विश्वसनीयताको लागि एफ.एम. रेडियोहरूले समाचार प्रसारण गर्दा स्रोत खुलाई पत्रिकाको नाम उल्लेख गर्नुपर्ने निर्णय गरिएको छ । साथै रेडियोहरूले यसरी पत्रिकाको समाचार पढेबापत सम्बन्धित पत्रिकाहरूलाई रोयल्टी दिनुपर्ने निर्णय गरेको छ ।

बैठकले असार ३ गते रेडियो अन्नपूर्णले साँझ ५:४५ [redacted] बुलेटिन[redacted]मा पत्रकार पदमराज पौडेलको समाचार प्रसारण गर्दा पत्रकार महासंघ कास्की शाखालाई आक्षेप लगाउँदै प्रसारण गरेको समाचारप्रति आपत्ति प्रकट गऱ्यो । साथै बैठकले अब आइन्दा यस्ता कपोलकल्पित र भ्रमपूर्ण समाचार प्रसारण गरी समस्त पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघलाई होच्याउने गरी समाचार प्रसारण नगर्न अन्नपूर्ण एफ.एम. लाई सचेत गराएको छ ।

पुण्य पौडेल
सभापति
नेपाल पत्रकार महासंघ
कास्की

तस्बिर ८.१: एफएम रेडियोले छापाको समाचार प्रयोग गरेपछि स्रोत उल्लेख गर्नुपर्ने र रोयल्टी दिनुपर्ने निर्णयसहितको प्रेस विज्ञप्ति (सौजन्य: पुण्य पौडेल) ।

आफ्ना पत्रिकाको समाचार रेडियोबाट प्रसारण भएको तर नाम वा स्रोत उल्लेख नगरेको हुँदा छानबिन गर्नुपर्ने कुरा पोखराका छापा पत्रकारितासँग संलग्न

[१९] नवीन खतिवडा रेडियो अन्नपूर्णमा २० महिना जति समाचार शाखामा आबद्ध थिए । २०५९ मङ्सिर १५ देखि २०६१ माघ १९ सम्म उनी कान्तिपुर एफएमको समाचार शाखामा र २०६२ साउनदेखि कान्तिपुर टेलिभिजनको समाचार शाखामा कार्यरत छन् । खतिवडासँग २०६१ भदौ ५ मा कुराकानी गरिएको हो ।

पत्रकारहरूले धेरै पटक उठाएका थिए । केही पत्रकारले पारिश्रमिकसमेत पाउनु पर्ने माग राखेका थिए ।[२०] आफूले धेरै मेहनत गरेर बनाएको समाचारलाई हुबहु प्रसारण गर्ने तर नामसमेत नदिने गर्दा श्रमजीवी पत्रकारको शोषण भएको ठान्छन् स्थानीय पत्रकारहरू । पत्रिकाका समाचार स्रोत उल्लेख नगरी हुबहु प्रसारण पनि गर्ने अनि शुल्क पनि नदिने भनेको आचार संहिताको पनि उल्लङ्घन हो र यसले पत्रिकाहरूको वितरणमा समेत असर पारेको छ भन्ने केशवशरण लामिछाने, पुण्य पौडेल र रमेश पौडेलको विचार छ ।[२१]

२०६० सालमा यो सवालले स्थानीयस्तरमा व्यापकता पाएपछि नेपाल पत्रकार महासङ्घ, कास्की शाखा पनि यस विषयमा बोल्न बाध्य भयो । फलस्वरूप शाखाको एउटा छलफल यसै विषयमा केन्द्रित हुन पुग्यो । उक्त छलफलले पत्रिकाको समाचार रेडियोले दिँदा त्यसको स्रोत खुलाउनु पर्ने भनियो । साथै पत्रिकाको समाचारको लागि स्टेसनले सम्बन्धित पत्रिकाहरूलाई रोयल्टी दिनुपर्ने निर्णय गर्दै प्रेस विज्ञप्ति नै जारी गरिएको थियो (हेर्नुहोस् तस्बिर ८.१) ।

यद्यपि यो निर्णयलाई रेडियोले पूर्ण पालना नगरेको नारायण कार्कीको कथन छ ।[२२] बद्रीविनोद प्रतीक भन्छन् “छलफलपछि केही समय पत्रिकाको नाम भनियो तर पछि त्यो पनि भन्न छाडियो ।” शुल्क दिने कुरामा छलफल हुन बाँकी रहे पनि समाचारको जस भने पत्रिकालाई दिनु पर्ने दीपेन्द्र श्रेष्ठको राय थियो । उनी थप्छन्–“समाचारको जस पत्रिकालाई दिने हो भने पत्रिकाहरूले पनि रेडियोको कुराहरूलाई मूल समाचार बनाएका छन् । त्यसको जस पनि रेडियोले पाउनु पर्छ, तर त्यो भएको छैन्” । प्रीतममान बुद्धाचार्य भने कामको जस नपाएकाले असन्तुष्टि मात्र देखिएको हो भन्ने ठान्दछन् ।

## समाचारमा प्रतिस्पर्धाः घण्टैपिच्छे समाचार

एफएम रेडियोले घण्टाघण्टामा श्रोताहरूलाई नयाँनयाँ कुरा दिने विषयमा स्टेसनहरूबीच प्रतिस्पर्धा चलेको थियो । समाचार चाँडो दिने क्रममा कहिलेकाहीँ कमीकमजोरी भएका कुरालाई स्टेसनहरू पनि स्वीकार्छन् । सानो क्षेत्र र विज्ञापनको

---

[२०] यस प्रसङ्गमा २०६२ साउन १० मा *हिमाल* खबरपत्रिकाका सम्पादक राजेन्द्र दाहालसँग कुराकानी गर्दा उनी पत्रकारको माग उचित भएको तर्क राख्छन् ।

[२१] केशवशरण लामिछानेसँग २०६२ जेठ १ मा, रमेश पौडेलसँग २०६१ चैत १३ मा र पुण्य पौडेलसँग २०६१ चैत १६ मा गरिएको कुराकानीबाट ।

[२२] बीबीसी नेपाली सेवाको पोखरास्थित संवाददातासमेत रहेका नारायण कार्की स्थानीय दैनिक पत्रिका *समाधान*का सम्पादक हुन् । कार्कीसँग २०६१ चैत ११ मा कुराकानी गरिएको हो ।

बजार कम भएको ठाउँमा आवश्यकभन्दा बढी एफएम स्टेसन भएकाले अरू स्टेसनभन्दा फरक देखाउनका लागि पनि समाचारमा प्रतिस्पर्धा बढेको थियो । प्रतिस्पर्धाका कारण नै समाचार बुलेटिनहरू बढेका थिए ।

घण्टाघण्टामा समाचारको नाउँमा अधुरो, अपूरो समाचार दिनुको सट्टा बरू दिनमा थोरैपटक मात्र दिएर पूर्ण विवरण दिनु बढी राम्रो हो । घण्टाघण्टामा समाचार दिनेबारे व्यवस्थापनबीच मतभेद भए पनि त्यसले अरू कार्यक्रममा भने अप्ठेरो नपारेको रेडियो अन्नपूर्णका तत्कालीन स्टेसन म्यानेजर प्रकाश सायमी बताउँछन् । "समाचार कसरी नयाँ बनाउने र अरूभन्दा पहिला कसले दिने भन्नेमा नै संवाददाताहरू तल्लीन थिए र यसले संवाददाताहरूको क्षमता विकासमा समेत सघाउ पुऱ्याएको थियो" भन्छन् गङ्गाधर पराजुली ।

रेडियोमा बज्ने समाचार र समाचार बनाउने शैली नै मन नपरेकाले एफएमका समाचार नै नसुन्ने पोखराका पाका पत्रकार केशवराज पराजुलीको कथन छ । यी रेडियोका समाचारबारे उनको टिप्पणी यस्तो थियो–

> श्रोताहरूलाई नयाँ कुरा दिएर सुसूचित पार्नु राम्रो हो । तर समाचारका नाउँमा घटना बुझ्दै नबुझी प्रसार गरिनु चाहिँ राम्रो होइन । एफएम रेडियोका समाचार सुन्ने र समाचार बनाउने प्रक्रिया नै चित्त नबुझ्ने खालको थियो । पत्रिकाका समाचारलाई हुबहु पढ्ने, स्रोत उल्लेख नगर्ने, समाचार बिगारेर पढ्नेसम्मका गम्भीर त्रुटि भेटिन्थे । प्रतिस्पर्धाका नाउँमा स्टेसनहरूले पत्रकारिताको आचारसंहितालाई ठाडै उल्लङ्घन गरेका थिए । त्यसमा सुधार हुनु जरुरी थियो ।[२३]

निर्दिष्ट नीति र निर्देशिकाहरू नबनाइएका कारण स्टेसनहरूले गल्ती गर्न पुगेका हुन् । त्यस्तो गल्ती अरू कार्यक्रममा भए पनि सामान्य लाग्दथ्यो तर, समाचार बनाउँदा भएका गल्तीबारे श्रोताहरू धेरै सचेत थिए भन्ने प्रकाश सायमीलाई लागेको छ । सायमी अगाडि थप्छन्– "श्रोताहरू जति सचेत थिए, त्यति सतर्क सायद हामी हुन नसकेकाले नै गल्ती भएका थिए ।"

आफैले बनाउन नसकेका अवस्थामा सापट वा साभार गरी लिएको समाचारलाई पनि कहाँबाट लिइएको हो भन्ने कमै मात्र उल्लेख भएका हुन्थे । स्टेसनहरूको नीति वा आचारसंहिता नभएका कारण गल्ती वा भावनामा बगेर हुनसक्ने कमजोरी कम गर्न सकिने ठाउँ प्रशस्तै थियो । यद्यपि तीनचार वर्षकै छोटो अवधिमा पोखरेली रेडियोले समाचार प्रसारणको क्षेत्रमा गरेको प्रगति र

[२३] २०६१ चैत १९ मा केशवराज पराजुलीसँग गरिएको कुराकानीबाट ।

विकासलाई सकारात्मक रूपमा लिनु पर्दछ । यी कुरालाई नियाल्ने हो भने विगतमा भएका गल्तीहरू वा कमजोरी कम नै थिए । गल्तीबाट नै धेरै कुरा सिक्न सकिने भएकाले ती कमजोरीलाई अवसरको रूपमा उपयोग गर्दै थिए । तसर्थ परिपक्वता हरेक दिन बढ्दो थियो र समाचारको संवेदनालाई आत्मसात गर्दै झन्झन् होशियारीपूर्वक समाचारमा जुटेका थिए एफएम स्टेसनहरू ।

पोखरामा समाचार मात्र नभई रेडियोबाट बज्ने हरेक प्रकृतिका कार्यक्रमहरूबीच प्रतिस्पर्धा बढेको थियो । यद्यपि यो प्रतिस्पर्धामा आफूलाई अझ सुधार गर्नेभन्दा अरूले गरेकै काम नक्कल गर्ने प्रवृत्ति चाहिँ हाबी पुगेको पाइयो । यहाँनेर विश्लेषक सीके लालको धारणा उद्धृत गर्नु सान्दर्भिक होला । लाल लेख्छन्–

> आपूर्ति बढ्नु नराम्रो होइन । छनोटको अवसर उपलब्ध हुन्छ । प्रतिस्पर्धाले गुणस्तर बढाउँछ । प्रस्तुतिलाई सुधार गर्छ । हुनुपर्ने त त्यस हो तर हुँदैन । एउटाले अखबार पढे, सबै त्यही गर्छन् । एउटाले गजल बजाए, अर्काले पनि बजाउनु परिहाल्यो । यो 'म पनि' को लक्षणले श्रोतालाई विरक्त बनाउन सक्छ । प्रतिस्पर्धाले सिर्जनाभन्दा पनि सुरक्षित तरिकालाई बढावा दिनु जडताको लक्षण हो (२०५९: १११) ।

यो प्रसङ्ग काठमाडौँमा एफएम रेडियो सुरु हुँदाताकाको भए पनि पोखराको सन्दर्भमा अझै मिल्न पुग्छ । प्रतिस्पर्धाको कारणले घण्टाघण्टामा समाचार प्रसारण भएका थिए । त्यस्तै अर्को प्रतिस्पर्धाको उदाहरण हो केन्द्रीय समाचार प्याकेजको । जसमा काठमाडौँबाट उत्पादन भएका समाचारलाई रेडियोबाट हुक गरी सुनाउने र काठमाडौँमा आफ्ना मान्छे राखेर उपयुक्त लागेका समाचारलाई फ्याक्समार्फत पठाउने । यी दुवै तरिकाबाट श्रोताहरूले काठमाडौँबाहिर बसेरै काठमाडौँ केन्द्रित समाचार सुन्न पाएका थिए । त्यसबाहेक पोखराबाट उत्पादन भएको रेडियो अन्नपूर्णका समाचार प्रसारणलाई पाल्पाको मुक्तिनाथ एफएमद्वारा हुक गरिएको थियो । यसले गर्दा सीधा पोखराको स्टेसनबाट उत्पादन भएका समाचारलाई उही रूपमा पाल्पामा पनि सुन्न सकिने थियो । यसरी सबै किसिमबाट हेर्दा समाचार प्रसारणमा धेरै प्रतिस्पर्धा रहेको देख्न सकिन्थ्यो ।

समाचार प्रसारण गर्ने मामलामा समाचार शाखा धेरै स्वतन्त्र थियो, समाचार बनाउँदा व्यवस्थापनले हस्तक्षेप नगर्ने भन्ने नीति नै बनेको थियो । रेडियो अन्नपूर्णका तत्कालीन स्टेसन म्यानेजर प्रकाश सायमी त्यो कुरालाई यसरी सम्झन्छन्–

> अखिल नेपाल फुटबल सङ्घमा भएको भ्रष्टाचारसम्बन्धी मुद्दामा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव विनोदशङ्कर पालिखे पनि मुछिएको खबर पत्रिकाहरूमा प्रकाशित भएपछि

> हामीहरूले पनि उक्त समाचारलाई प्रसारण गरेका थियौँ । जबकि विनोदशङ्कर पालिखे रेडियो अन्नपूर्णका सञ्चालकमध्ये एक विश्वशङ्कर पालिखेका सहोदर दाजु हुन् । त्यस्तै अर्को घटना थियो पूर्वमन्त्री गोपालमान श्रेष्ठलाई अख्तियारले भ्रष्टाचार गरेको आरोपमा चिठी काटेको सन्दर्भ । गोपालमान श्रेष्ठ पनि रेडियो अन्नपूर्ण कै सञ्चालकमध्येका अर्जुन श्रेष्ठका दाजु हुन् । तैपनि हामीले त्यसलाई समाचार बनाएर प्रसारण गरेका थियौँ ।[२४]

रेडियोमा लगानी गर्नेहरूले पनि धेरै नै जोखिम उठाएर रेडियो चलाएका हुन् । रेडियोमा नै बोलेका वा प्रसारण भएका कुराबाट इजाजतपत्र नै गुमाउनुपर्ने अवस्था आउन सक्छ । लगानीकर्ताहरूमा सकेसम्म आफ्नो रेडियो विवादमा नपरोस्, व्यापार पनि होस् र श्रोताहरूले पनि मनोरञ्जन र सूचना लिन सकून् भन्ने चाहना हुन्छ । व्यापारीको मूल सिद्धान्त नै हुन्छ कि आफ्ना कमजोरी वा परिवारका कुराहरू बाहिर नआओस् । समाचार कतैबाट आइहालेमा सकेसम्म प्रसारण नगर्ने र यदि प्रसारण भैहालेमा पनि मिलाएर भनिदिए हुन्थ्यो भन्ने देखिन्छ । त्यसैले पक्ष विपक्षमाभन्दा पनि स्वतन्त्र हिसाबले प्रसारणलाई लैजानुपर्छ जसले गर्दा श्रोताको मन जित्न सकिन्छ भन्ने हो ।

## जनशक्ति

२०६१ माघ १९ अघिको अवस्थामा माछापुच्छ्रे एफएमको समाचार शाखामा प्रसारण गृहभित्रै पूर्णकालीन ४ जना र जिल्लाका ७ जना स्ट्रीन्जरसहित ११ जना थिए । पोखरा एफएममा पनि ३ जना पूर्णकालीन, जिल्लाका ८ जना स्ट्रीन्जर, रेडियो अन्नपूर्णमा ७ जना पूर्णकालीन र अन्य जिल्लामा १० जना स्ट्रीन्जर थिए । हिमचुलीमा पनि ५ जना पूर्णकालीन र जिल्लाका १० जना स्ट्रीन्जर थिए (हेर्नुहोस् तालिका ८.३) । स्टेसनभित्र रहेकालाई व्यवस्थापनले पूर्णकालीन र स्ट्रीन्जरहरूलाई अल्पकालीन जनशक्ति मानेको थियो ।

**तालिका ८.३: पोखरेली रेडियो समाचारमा संलग्न जनशक्ति**

| स्टेसनको नाम | समाचार शाखाको जनशक्ति | | जम्मा |
|---|---|---|---|
| | पूर्णकालीन | स्ट्रीन्जर | |
| माछापुच्छ्रे एफएम | ४ | ७ | ११ |
| पोखरा एफएम | ३ | ८ | ११ |
| रेडियो अन्नपूर्ण | ७ | १० | १७ |
| हिमचुली एफएम | ५ | १० | १५ |

स्रोतः सम्बन्धित रेडियो स्टेसनहरू ।

[२४] २०६२ जेठ २४ मा प्रकाश सायमीसँग गरिएको कुराकानीबाट ।

२०६१ माघ १९ पछाडि समाचार बन्द भएकाले स्ट्रीन्जर हटे । स्टेसनमा रहेका समाचार शाखासँग सम्बद्ध पूर्णकालीन जनशक्तिमा समाचार संयोजक र एक दुई जनालाई मात्र राखियो । तीबाहेक अरूलाई आर्थिक भार पर्ने कारण देखाई हटाइएको थियो ।

## तालिम/शिक्षा

रेडियो कार्यक्रममा कार्यरत व्यक्तिका लागि तालिम अति आवश्यक कडी हो । समाचार ज्यादै संवेदनशील विषय भएकाले यस क्षेत्रमा लाग्नेहरूका लागि तालिम झन् बढी आवश्यक हुन्छ । पोखराका यी एफएम स्टेसनले समाचार सुरु गर्दा यसमा संलग्न व्यक्तिहरूलाई रेडियोसम्बन्धी आधारभूत तालिम दिएका थिए । साता/दस दिन जतिको छोटो अवधिको तालिम सबैले पाउन सके ।

रेडियो पत्रकारितासम्बन्धी गहन तालिमहरू काठमाडौँमा मात्र सञ्चालित छन् । तालिमका अवसर र प्रशिक्षकहरू प्रायः सबै काठमाडौँमा नै भए पनि बितेका केही वर्षदेखि कहिलेकाहीँ नेपाल वातावरण पत्रकार समूह (नेवापस) र एन्टेना फाउण्डेसन नेपाल जस्ता संस्थाले पोखरामा नै आएर तालिम दिने पनि गरेका छन् ।[२५] स्थानीय स्तरमा राम्रो दक्षता हासिल गरेको प्रशिक्षक पाउन पनि मुस्किल देखिन्छ । पोखरामा समाचारसम्बन्धी तालिम दिने प्रशिक्षक देखिँदैनन् । काम गरिरहेका पुराना पिँढीले नयाँ जनशक्तिलाई बेलाबेलामा समाचारको प्रारूपबारे सर-सल्लाह र सुझाव दिने गरेका थिए ।[२६] दक्ष र माझिएकाहरूसँग तालिम लिन काठमाडौँमा नै जानुपर्ने अवस्था छ । समाचारका विविध पक्षको तालिम सर्वसुलभ हुनसकेमा काठमाडौँमा नै जानुपर्ने बाध्यताबाट मुक्त हुन सकिन्छ ।

स्टेसन म्यानेजरहरूमा रेडियो अन्नपूर्णका दीपेन्द्र श्रेष्ठबाहेक पोखरा एफएमका प्रीतममान बुद्धाचार्य, माछापुच्छ्रेका सरोजगोपाल बज्राचार्य र हिमचुली एफएमका दिलिप राई कसैको पनि पत्रकारिताको पृष्ठभूमि होइन । दीपेन्द्र श्रेष्ठले काठमाडौँको जमलेश्वर इन्स्टिच्यूटबाट तीन महिनाको रेडियो पत्रकारिता तालिम लिएका हुन् ।

---

[२५] पोखरामा रेडियो पत्रकारिता तालिम केन्द्र नभए पनि रेडियो प्रस्तोता बन्ने मोहमा यहाँका डेढ दर्जन युवाले नमस्ते पोखरा भन्ने संस्था खोलेका थिए । यस संस्थामार्फत आफैले पैसा उठाएर कार्यक्रम चलाउँदै आएका र पैसा कतैबाट नपाएमा आफ्नै गोजीबाट झिकेरसमेत कार्यक्रम चलाउँदै आएका थिए (भादगाउँले २०५९: ११) ।

[२६] समाचारको प्रस्तुति, स्रोतहरू दिने र वाचनमा भएका कमीकमजोरीबारे सबै बसेर छलफल भएको थियो । छलफल र अन्तर्क्रियाबाट गल्तीहरू पहिल्याउने र नयाँ कुरा सिक्ने मौका पनि उपलब्ध हुने गरेको कुसुमकेशव पराजुली र प्रकाश सायमी बताउँछन् ।

उनी रेडियो अन्नपूर्णको स्टेसन इन्चार्जको जिम्मेवारीबाहेक कार्यक्रम सञ्चालक र समाचार प्रमुख पनि हुन् । रेडियो नेपालको जागिरबाट सेवा निवृत्त माछापुच्छ्रे एफएमका स्टेसन म्यानेजर सरोजगोपाल बज्राचार्यले अरू कार्यक्रमको जिम्मेवारी पनि सम्हालेका छन् । व्यापार व्यवसायमा संलग्न रहेका प्रीतममान बुद्धाचार्य पढ्नका लागि क्यानाडा बस्दा त्यहाँ देखेको रेडियो प्रसारणबाट प्रभावित भएर नै रेडियो स्टेसन खोलेको बताउँछन् । “पत्रकारिताको औपचारिक तालिम नभए पनि काम गरेको देख्दै जाँदा पत्रकारिताको आचारसंहिता र मर्म पनि बिस्तारै बुझ्न थालेको छु” उनी थप्छन् । गैरमिडिया क्षेत्र वा लामो समयसम्म लेखा क्षेत्रमा रहेर काम गरेका दिलीप राईले विगत दुई वर्षदेखि हिमचुली एफएमको स्टेसन म्यानेजरको जिम्मेवारी सम्हालेका छन् ।

पोखराका सबै स्टेसनका समाचार शाखामा कार्यरतमध्ये सबैले कुनै न कुनै रूपमा छोटो अवधिकै भए पनि पत्रकारिताको तालिम पाएका थिए । प्रारम्भमा समाचार शाखामा काम गर्ने जनशक्ति त पूरा नयाँ नै थियो । प्रायः गरेर छापा पत्रकारितामा काम गरिसकेका व्यक्तिहरूले नै रेडियो समाचारलाई अगाडि बढाएका थिए ।

रेडियोका समाचार शाखामा संलग्न व्यक्तिहरू पत्रकारिताको औपचारिक शिक्षा प्राप्त थिएनन् । काम गर्दै जाँदा सिक्ने अवसर पाएका हुन् । एफएम स्टेसनहरू युवाहरूको आकर्षणको थलो भएका छन् । नाम र दामका लागि नै युवाहरू रेडियोतिर आकर्षित भएका हुन् (बञ्जारा २०५८ः ६) । छिमेकी साथी रेडियोमा बोल्न लागेपछि उसलाई जसरी भए पनि रेडियो तालिम लिनै पर्ने हुन्छ, भलै उसले सामान्य तालिमपछि खाली नै बस्नु किन नपरोस् । यो परिपाटीले तालिम लिनेहरूको सङ्ख्या वर्षैपिच्छे बढाएको छ । रेडियो स्थापनाताका कार्यरतहरूको पृष्ठभूमि छापा पत्रकारिता भए पनि पछिका दिनहरूमा रेडियोकै तालिम लिएर स्टेसनमा आउनेहरूको सङ्ख्या पनि बढ्दो नै छ ।

## *योग्यता र छनोट प्रक्रिया*

पोखरामा मात्र नभई नेपालमा रेडियोको सुरुआती कालमा समेत तालिमप्राप्त व्यक्तिहरूले रेडियो पत्रकारिता सिक्दै जाँदा परिपक्व भएका हुन् भन्ने कुरा विगतले देखाउँछ । एफएम रेडियोको हकमा पनि काम गर्दै जाँदा तयार भएका जनशक्तिले नै स्टेसन चलाएका हुन् । नेपालको राष्ट्रिय प्रसारणको मान्यता पाएको रेडियो नेपालको अवस्था पनि योभन्दा त्यत्ति पृथक देखिँदैन (कृष्ण अधिकारी २०६१ः ६३-६९) । रेडियोमा काम गर्ने जनशक्तिहरू प्रायः गरेर

नयाँ पुस्ताका र कलेज पढ्दै गरेका थिए । समाचारवाचकको योग्यताबारे स्टेसनका आ-आफ्नै मान्यता पाइन्छन् । त्यसबाहेक व्यक्तिको सीप र दक्षताले फरक पार्ने देखिन्छ । राम्रो बोल्न जान्ने, समाचारको भाव बुझेको र पत्रकारितासम्बन्धी ज्ञान भएको व्यक्तिलाई नै योग्य मान्नुपर्छ भन्ने धारणा कुसुमकेशव पराजुलीको छ ।

रोजीरोटीका हिसाबले स्टेसनमा काम गर्ने रेडियोकर्मीहरूले त्यहीँबाट आएको पैसाले क्याम्पसको पढाइ र आफ्नो 'पकेट' खर्च चलाउँदै आएका थिए । चारै रेडियो स्टेसनको समाचार शाखामा काम गर्नेहरू धेरैजसो पोखरा नगर आसपास क्षेत्रका तथा छिमेकी जिल्लाका थिए । यसबाहेक क्याम्पस वा स्कुलका शिक्षक, कर्मचारी पनि थिए । प्रस्तोता वा प्रसारकको छनोटबारे रेडियो अन्नपूर्णका पूर्व स्टेसन म्यानेजर प्रकाश सायमी आफ्नो अनुभव यसरी व्यक्त गर्छन्–

> धेरै जसोलाई खुला प्रतियोगिताबाट छानेर राखिएको थियो । जनशक्ति राख्ने कुरामा दबाब नदिने भन्ने पूर्व सर्त राखेपछि मात्र काममा हात हालेको हुँ मैले । समाचार बढी नै संवेदनशील भएकाले हरदम चनाखो हुनुपर्दछ । समाचार नबुझेको कोरा व्यक्तिलाई समाचार युनिटमा राखिनु हुँदैन । कोरा व्यक्तिलाई समाचार बनाउन र प्रसारण गर्न दिँदा विश्वसनीयता गुम्ने, स्टेसनलाई अप्ठेरो पर्ने आदि हुन सक्छ । तसर्थ समाचारबारे ज्ञान भएका व्यक्तिहरूलाई नै समाचारको जिम्मा दिनुपर्दछ ।[२७]

जनशक्ति छनोट र योग्यताबारे हिमचुली एफएमका पूर्व स्टेसन संयोजक कुसुमकेशव पराजुलीको धारणा यस्तो छ–

> कुनै पनि रेडियो समाचारको लागि चाहिने जनशक्ति भनेको समाचारको मर्म र भाव बुझेको हुनु पर्दछ । मर्म र भाव नबुझेको मान्छेले भन्नु पर्ने समाचारलाई नभन्ने र फाल्नुपर्ने समाचारलाई प्रसारण गर्दछ, जुन पत्रकारिताको लागि दुःख लाग्दो पक्ष हो । समाचार नबुझेको मान्छेले स्टुडियोमा प्राप्त भएको समाचार सबै प्रसारण योग्य सम्झन्छ । तर समाचार प्राप्त हुँदैमा प्रसारण गर्न पाइँदैन भन्ने कुरा पनि उसले बुझेको हुनुपर्दछ । समाचार स्टुडियोमा आएपछि पनि त्यसलाई पुष्टि गर्नुपर्ने हुन्छ ।[२८]

कर्मचारी नियुक्ति गर्दा मापदण्ड बनाइने भए पनि अवकाश दिँदा कुनै आधारबिना नै निकाल्न सक्ने प्रावधान हुन्छ । स्टेसन छोड्दा एक महिनाअघि जानकारी दिनु

---

[२७] २०६२ जेठ २४ मा प्रकाश सायमीसँग गरिएको कुराकानीबाट ।

[२८] २०६२ जेठ २३ मा कुसुमकेशव पराजुलीसँग गरिएको कुराकानीबाट ।

पर्ने भए पनि स्टेसनले भने जुनसुकै बेला पनि कर्मचारीलाई निकाल्न सक्ने अवस्था देखिन्छ । स्टेसनले चाहेको र आफूले योग्य ठानेको व्यक्तिलाई छनोट गर्ने प्रावधान निजी क्षेत्रको विशेषता नै हो । कस्ता व्यक्तिलाई समाचारको जिम्मा दिनुपर्छ वा आधारभूत मापदण्ड के बनाउने भन्नेबारेमा पत्रकारिता गरेको र त्यसमा पनि मूलधारको पत्रकारिता गरिरहेकोलाई नै रेडियो स्टेसनहरूले राख्नुपर्छ भन्ने प्रीतममान बुद्धाचार्य र देव क्षेत्रीको धारणा छ । उनीहरूलाई कानून, नियम र आचारसंहिताबारे राम्रै ज्ञान हुनुको अतिरिक्त त्यसको प्रभावले कहाँ के अप्ठेरो पार्छ भन्ने पनि जानकारी भइरहेको हुन्छ भन्ने उनीहरू तर्क गर्छन् । आमरूपमा रेडियो पत्रकारिताको पनि ज्ञान भएको व्यक्तिलाई दक्ष जनशक्ति मान्नुपर्ने हुन्छ । त्यसबाहेक पत्रकारिता बुझेको व्यक्तिलाई नै रेडियो स्टेसनहरूले जिम्मेवारी दिने अभ्यासको सुरुआत हुन खोजेको देखिन्छ ।

## समाचारको अर्थतन्त्र

### *रेडियोमा लगानी*

रेडियो स्टेसनको भौतिक पूर्वाधार तयार गर्नेदेखि प्रसारणको खाका तयार पार्नेसम्मको अवधिमा लागेको सबै स्टेसनको जम्माजम्मी खर्च उस्तै देखिन्छ । हिमचुली एफएममा तुलनात्मक हिसाबले लगानी अरूमा भन्दा केही कम देखिए पनि लाइसेन्स लिँदा भएको अनियमितताले लगानी बढ्न पुगेको थियो । व्यापारिक स्टेसनको रूपमा स्थापना भएका रेडियो अन्नपूर्ण, माछापुच्छ्रे एफएम र पोखरा एफएम स्टेसनको लगानी सामुदायिक रेडियो हिमचुलीको भन्दा बढी देखिन्छ ।

हिमचुली एफएमका मुख्य सञ्चालक लेखबहादुर गुरूङ हुन् । उनी पेशाले इन्जिनियर हुन् । पोखरा इन्जिनियरिङ कलेजका संस्थापक र सञ्चालक पनि हुन् । हिमचुली एफएममा उनी लगायत कुल २५ जनाको शेयर रहेको छ ।

रेडियो अन्नपूर्णमा लगानी गर्नेहरू पोखरा केबुल (टिभी) नेटवर्कका शेयरधनीहरू हुन् । स्टेसन चलाउनकै लागि रेडियो अन्नपूर्णको व्यवस्थापनले काठमाडौँबाट रेडियो सगरमाथामा काम गरिसकेका प्रकाश सायमीसहित चार जनाको टोलीलाई पोखरा भित्र्याएको थियो ।

माछापुच्छ्रे एफएमको मुख्य लगानीकर्ता बिसी केबुल (टिभी) नेटवर्कका मालिक हुन् । जसमा भक्तबहादुर क्षेत्री एक्लैको शेयर छ । उनका छोरा देव क्षेत्री स्टेसनका प्रबन्ध निर्देशक छन् । पोखरा एफएममा अर्का व्यापारी प्रीतममान बुद्धाचार्य र सुवर्ण बज्राचार्यको लगानी रहेको छ । लगानी गर्नेहरूमा व्यापारिक

स्टेसनहरूले सुरुमा ६०-८० लाखसम्म लगानी गरेको बताए भने हिमचुली एफएमको भन्डै ५० लाखसम्म भएको थियो ।[२९] पूरा स्टेसनको लगानी त्यति देखिए पनि समाचार शाखाका लागि कति भयो भन्ने यकिन तथ्याङ्क कुनै पनि स्टेसनहरूसँग देखिँदैन ।

समाचारको हकमा जनशक्तिलाई नै लगानीको मूल खण्ड मान्न सकिन्छ । सुरुमा त समाचारमा कसरी लगानी गर्ने भन्ने अन्योल थियो । कारण के भने हिमचुली एफएमका केही व्यक्तिहरू मात्र छापमाध्यमसँग परिचित भए पनि उनीहरू रेडियोको क्षेत्रसँग अनभिज्ञ नै थिए । त्यसैले रेडियो समाचारको लागि के के पूर्वाधार चाहिन्छ भनेर अन्योल हुनु पनि स्वाभाविकै थियो । सुरुआतीकालमा समाचारमा गरिएको लगानीले प्रतिफल दिन सक्छ भन्नेबारेमा स्पष्ट नभएकाले पनि त्यतापट्टि लगानी नगरिएका हुन् ।

### ***समाचारमा लगानी***

२०६१ माघ १९ अगाडिसम्म हिमचुली एफएमले मासिक रूपमा समाचारको लागि ५० हजार खर्च गरेको थियो । त्यस्तै पोखरा एफएमले पनि भन्डै ७० हजार खर्च गरेको थियो । रेडियो अन्नपूर्ण र माछापुच्छ्रे एफएमको समाचार उत्पादन खर्च मासिक भन्डै एक लाखको हाराहारीमा थियो ।[३०] यस खर्चले स्टेसनको समाचार शाखाका पत्रकार, संवाददाताको पारिश्रमिकसहित समाचारको लागि प्रयोग हुने फोन, फ्याक्स र इमेल इत्यादि खर्च समेट्छ । भौतिक पूर्वाधार र कर्मचारी व्यवस्थापनमा स्टेसनले खर्च गरे पनि समाचार उत्पादन, सम्पादन कार्यमा भने मनग्गे लगानी गर्न सकेका छैनन् यी स्टेसनहरूले । समाचार बजाएर रेडियो स्टेसन धानिन सक्छ भन्नेबारे कुनै स्टेसनले सोच बनाएका थिएनन् । पोखरेली सन्दर्भमा यो धारणा नै नयाँ भएकाले सायद यसप्रति रेडियो स्टेसनको सोच नभएको पनि हुनसक्छ । सुरुमा १/२ जना व्यक्तिद्वारा सुरु गरिएको समाचार शाखामा बन्द नभएसम्मको अवधिमा (२०६१ माघ १९ सम्म) प्रत्येक स्टेसनमा ७ देखि १७ जनासम्मको सम्बद्धता थियो । सामान्य रूपमा हेर्दा स्टेसनले समाचारको लागि खर्च गर्ने भनिएकोमा पूर्णकालीन कर्मचारीको तलब सुविधा नै प्रमुख

---

[२९] शिवलाल मल्ल (२०६१, चैत १५), देव क्षेत्री (२०६१, चैत १५), प्रीतममान बुद्धाचार्य (२०६१, चैत २९) र लेखबहादुर गुरुङ (२०६१, चैत ११) सँगको भिन्दाभिन्दै कुराकानीमा आधारित । लगानीबारे अरू जानकारीका लागि हेर्नुहोस् पराजुली (२०५८क) र पराजुली (२०५९) ।

[३०] रेडियो अन्नपूर्णका विज्ञान शर्मा, हिमचुली एफएमका दिलिप राई, माछापुच्छ्रे एफएमका देव क्षेत्री र पोखरा एफएमका प्रीतममान बुद्धाचार्यसँगको कुराकानीबाट ।

थियो । त्यस्तै स्ट्रीन्जरले समाचार बनाएर पठाउने र त्यसरी पठाएको समाचार प्रसारण भएका आधारमा मात्र पैसा पाउँथे । त्यसरी पठाएर प्रसारण योग्य भएमा ती समाचारको ३० देखि १०० रुपियाँसम्म भुक्तानी दिने गरेको सम्बन्धित स्टेसनका व्यक्तिहरू बताउँछन् । कुनै अवस्थामा स्टेसनले समाचारका लागि घटनास्थलसम्म जाँदा आँउदा लागेको यातायात खर्च पनि दिने गरेका थिए । समाचारको लागि कार्यक्षेत्रमा जाने स्थायी संवाददातालाई केही भत्ता (आवास र खाना) को व्यवस्था पनि गरेका थिए । यो सुविधा स्ट्रीन्जरलाई उपलब्ध थिएन ।

संवाददातालाई समाचारको लागि चाहिने खर्चमा यातायात, फोन, फ्याक्स नै मुख्य रूपमा थिए । तालिम र सीपका हकमा हिमचुली एफएमका जनशक्तिहरूले बढी नै मौका पाएको देखिए पनि अरू स्टेसनले यस्ता तालिमको लागि कमै मात्र अवसर पाएका थिए । रेडियो अन्नपूर्णको तर्फबाट विदेशी सञ्चार संस्था बीबीसी, भिओए र जर्मन रेडियो डचेवेले (डिडब्लु) सँग पनि तालिम दिनेलिनेबारे केही कुरा अगाडि बढेको उक्त एफएमका सञ्चालक शिवलाल मल्ल बताउँछन् । त्यसबाहेक स्टेसनको सुरुआत हुँदा रेडियो अन्नपूर्णले बीबीसीमा काम गरिसकेको व्यक्तिहरूबाट स्टेसनका सबै जसोलाई एक हप्ताको तालिम दिलाएको प्रसङ्ग जोड्छन् मल्ल । काठमाडौँ र पोखरामा नै केही तालिम दिलाएको स्टेसनसम्बद्ध व्यक्तिहरू बताउँछन् । स्टेसनले लगानी गरेर तालिमका लागि अध्ययन वा दीर्घकालीन प्रशिक्षण दिन सकेका थिएनन् । “व्यक्तिगत हिसाबले खर्च जुटाएर जानको लागि भने स्टेसनले छुट दिएको थियो” भन्छन् गङ्गाधर पराजुली ।

### *समाचार र विज्ञापन*

पोखरामा सञ्चालित सबै रेडियोहरूको आम्दानीको स्रोत विज्ञापन नै हो । व्यापारिक रेडियोहरूमा बज्ने सबै खालका विज्ञापन सामुदायिक रेडियोमा नबजेको हिमचुली रेडियोका स्टेसन म्यानेजर दिलिप राईको कथन छ । आम्दानीका स्रोत बढाउने नाममा धेरै व्यापारिक विज्ञापन बजाउनु मात्र नराम्रो हो भन्ने धारणा राईको छ । उनी भन्छन्– “यसको सट्टा प्रायोजक वा दाताले दिएको र चलाउन खोजेको मोडेलमा कार्यक्रम चलाउन खोजिएको हो ।” यो कुरा समाचार प्रसारणमा लागू हुँदैन । अर्थात् समाचारको अघिपछि आउने विज्ञापनले नै स्टेसनको अधिकांश आय बढाएको थियो । मात्रात्मक हिसाबले हेर्ने हो भने ४० प्रतिशत विज्ञापन त समाचार प्रसारण हुने समयमा नै आएको थियो । समाचारको अवधिमा आएको विज्ञापनको आयले नै समाचार शाखा चल्नुका

अतिरिक्त थप आम्दानीसमेत गरेका थिए । समाचारकै कारण झन्डै ६० प्रतिशत विज्ञापन पाएको चारै स्टेसनका समाचार संयोजकहरूको दाबी छ। अर्थात् समाचार प्रसारण अवधिमा ४० प्रतिशत विज्ञापन देखिएपनि त्यसबाहेक २० प्रतिशतको विज्ञापन समाचारकै कारण अरू समयमा बजेको थियो ।

स्टेसनलाई चलाउने मुख्य स्रोत नै समाचार बज्ने विशेष समय (प्राइम टाइम) मा आउने विज्ञापन हो। समाचार सुनेकै कारण वा प्रभावबाट नै विज्ञापन आएको भन्नेमा सबै स्टेसनका अधिकारीहरूको स्वीकारोक्ति थियो। अरू समयमा भने विज्ञापन निकै कम प्राप्त हुन्थ्यो। विज्ञापन प्राप्त गर्न स्टेसनहरूबीच अत्यधिक प्रतिस्पर्धा थियो। समाचारको समयबाहेक अरू समयमा स्टेसनहरू कमभन्दा कम दरमा विज्ञापन बजाउने गर्थे। प्रतिस्पर्धा पनि यतिसम्म भयो कि २०६० सालको अन्तितर त विज्ञापनको दर (सामान्य समयमा) प्रति मिनेट ८ रुपियाँसम्म पुग्यो (लुइँटेल र आचार्य २०६०: ११६)। २०६१ माघ १९ भन्दा अगाडिसम्म आइपुग्दा त्यो दरभन्दा कममा पनि पोखरेली रेडियोले विज्ञापन बजाएका थिए भन्ने प्रीतममान बुद्धाचार्यको भनाइ छ। सस्तो विज्ञापन दरबारे एउटा चाख लाग्दो उदाहरण स्टेसनका व्यक्तिहरूले नै उल्लेख गरे। काठमाडौंबाट चौधरी समूहका प्रतिनिधि पोखराका कुनै दुई एफएमलाई मात्र विज्ञापन दिन आएका थिए। तर स्थानीय एफएमको आपसी प्रतिस्पर्धाले गर्दा दर यति कम भयो कि उनीहरूले दुईओटा एफएमका लागि भनेर छुट्टयाएको रकमले पोखराका सबै एफएम र बुटवल तथा नारायणगढका केही एफएम स्टेसनसमेतलाई विज्ञापन दिनसकेका थिए।[३१] विज्ञापनमा भएको यस्तो प्रतिस्पर्धाबाट विज्ञापनदातालाई त फाइदा नै भयो। तर यसबाट स्टेसनहरूको आयमा भने ठूलै असर पर्‍यो। हुन त सबै स्टेसनहरूले विज्ञापनको दरमा एकरूपता ल्याउन आपसी नीति बनाएका पनि थिए। तर त्यो नीतिले व्यवहारमा काम गरेन।

आ-आफूले विज्ञापनको दर निर्धारण गरे पनि व्यवहारमा लागू नभएको तथा रेडियो चलाउनका लागि त्यो भन्दा निकै कम दरमा विज्ञापन लिनु परेको प्रीतममान बुद्धाचार्यको दुःखेसो छ। आफूले भने दरअनुसार नै लिएको तर अरू तीन स्टेसनले धेरै कममा पनि विज्ञापन बजाएको कुसुमकेशव पराजुलीको भनाइ थियो।

---

[३१] शिवलाल मल्लसँग २०६१ चैत १५, देव क्षेत्रीसँग २०६१ चैत १६, प्रितममान बुद्धाचार्यसँग २०६१ चैत २८ र कुसुमकेशव पराजुलीसँग २०६२ जेठ २३ मा गरेको बेग्लाबेग्लै कुराकानीबाट।

## समाचारको प्रभाव र श्रोता

रेडियोमा समाचार आएको कारण नै धेरै ठाउँमा परिवर्तन भएको, काम चाँडै भएका र अनियमितता रोकिएका कुराहरू पनि सुनिँदै आएका छन् । कहिले कुन रेडियोबाट के भयो भन्ने ठूलै अध्ययनको विषय हुन सक्छ तर केही न केही परिवर्तन भएको रेडियोलाई नजिकबाट हेर्नेहरू स्वीकार्छन् । रेडियोको समाचारको प्रभावबाट धेरै व्यक्ति लाभान्वित भएका छन् । नारायण कार्की र कृष्णप्रसाद बास्तोलाको एकै मत छ– "द्वन्द्व वा माओवादी गतिविधिका समाचारहरू थाहा पाउने माध्यम नै यहाँका रेडियो भएका थिए, त्यसबाहेक माओवादी गतिविधिलाई बढाइचढाइ गरेर अतिरञ्जित रूपमा प्रस्तुत गरेको कारण केही मानिसहरू रेडियोप्रति आक्रोशित पनि बनेका थिए ।" समाचारको प्रभावलाई हिमचुली एफएमका अनुराग अधिकारी यसरी व्यक्त गर्छन्–

> समाचारकै कारण धेरै विषय बाहिर आउन सकेका हुन् । यो विषय भन्ने अवस्था नै छैन । फोहोर मैलाको कुरा होस् वा सुकुम्वासीको, बाटोको होस् वा पर्यटनको सबै क्षेत्रमा रेडियोले चासो बढाइदिएको हो । शान्ति सुरक्षा वा शिक्षाका विषय नै किन नहुन्, प्रायः सबै रेडियो समाचारका माध्यमले बढी व्यापक हुन सकेका हुन् ।[३२]

धेरैपटक पत्रिकामा लेखिएको खबरबारे चासो नराख्ने श्रोताहरू रेडियोबाट समाचार प्रसारण भएपछि तत्कालै प्रतिक्रिया जनाउन थालेका छन् । समाचार ज्यादै संवेदनशील भएकाले रेडियोबाट समाचार प्रसारण गर्दा धेरै विचार पुऱ्याउनु पर्ने हुन्छ । रेडियो अन्नपूर्णका पूर्व संवाददाता नवीन खतिवडा 'पखेली' ख्यालै नगरी दिइएको समाचारको प्रभावबारे आफ्नो अनुभव यसरी सुनाउँछन्–

> २०५८ मङ्सिर १० मा सोलुखुम्बुको प्रमुख जिल्ला अधिकारी (सीडीओ) बुद्धिसागर त्रिपाठी माओवादीको आक्रमणमा पर्दा उनको परिवारसमेत परेको खबर दिइएको थियो, जुन गलत थियो । वास्तवमा त्रिपाठी मात्र मारिएका थिए । समाचार दिने व्यक्ति निकै भरपर्दा पनि हुन् । तर त्यस घटनामा उनको सानो कमजोरीले धेरै अप्ठेरो भयो । घटना विवरण थाहा पाएपछि स्टेसनका तर्फबाट माफीसमेत माग्नु परेको थियो ।[३३]

मोबाइल फोनको प्रयोगले घटनास्थलबाट सीधा रिपोर्टिङसमेत भएको र त्यसबाट श्रोतामा राम्रै पहुँच बढेको मान्दछन् प्रायः सबै स्टेसनका व्यक्तिहरू । अझ, आफ्ना श्रोता बढेको दाबीसमेत गर्न पछि पर्दैनन् ।

---

[३२] २०६१ चैत १९ मा अनुराग अधिकारीसँग गरिएको कुराकानीबाट ।

[३३] नवीन खतिवडासँग २०६२ भदौ ५ मा कुराकानी गरिएको हो ।

विकास, संस्कृति र शिक्षाका कुराहरूले स्थानीय रेडियोहरूले समाचारमा कम ठाउँ दिने गरेको पुराना पत्रकार कृष्णप्रसाद बास्तोला र माधव शर्मा दुवैको आरोप छ । गाउँमा हुने र घट्ने विषयहरू एफएमका समाचार बन्दैनन् भन्नेमा धेरैको गुनासोसमेत रहेको छ । पत्रकार केशवशरण लामिछानेको तर्कलाई यमबहादुर दुरा यसरी लेख्छन्– "गाउँको पीडा त कुरै छोडौं असिना परेर सहरमा नै लाखौंको धानबाली नष्ट हुँदा पनि किसानका आवाज प्रस्ट नसुनाउने एफएमले हरेक राजनीतिक कार्यक्रममा नेताको भाषण प्रत्यक्ष सुनाउँदा घिन लाग्छ" (२०६०: १९) । तर, तिनै केशवशरण लामिछाने पछिल्लो समयमा पोखरा एफएमको समाचार शाखामा सामेल थिए । अगाडिको कुरालाई जोड्न खोज्दा उनी भन्छन्– "समयसँगै धेरै कुरा बदलिँदै गएका छन्, अहिलेको अवस्था केही फरक भएको छ । धेरै कुरा सिकिएको थिएन, स्टेसनसँग सम्बद्ध भएपछि धेरै थाहा भयो ।" उनले आफूलाई त्यसरी बचाएर बोले पनि परिस्थितिमा त्यति अन्तर पाइँदैन । उनको पहिलेको दुखेसो पनि सही नै मान्नुपर्ने अवस्था छ । पोखराकै पहिलो रेडियो, यस्तो उस्तो भनेर आफूलाई चिनाउने प्रयत्न चाहिँ गर्ने, तर स्थानीय समस्याबारे जानकारी दिने कुरामा एफएम रेडियोहरूले कञ्जुस्याइँ नै गरेको पत्रकारद्वय नारायण कार्की र पुण्य पौडेलको धारणा छ । यो स्थिति सुरुआतीकाल अर्थात् २०५९ सालतिरको भए पनि २०६१ को माघ १९ सम्ममा यसमा केही भिन्नता आइसकेको थियो । केन्द्रका समाचारका अतिरिक्त विभिन्न जिल्लाका समाचारहरूलाई पनि एफएम रेडियोहरूले ठाउँ दिन थालेका थिए । विभिन्न गतिविधिहरू स्कुल, वन, पानी, कुलो, सडक लगायत धेरै विषयहरूलाई रेडियोले समाचारका रूपमा प्रसारण गरेका थिए ।

रेडियो माध्यमबाट बोलेको कुरालाई सच्याउन गाह्रै पर्छ भन्ने एक किसिमको मान्यता नै बनाएको रेडियो नेपालको अभ्यासलाई निजी स्तरका रेडियो स्टेसनहरूले निरर्थक बनाइदिएका छन् ।[३४] निजी रेडियोबाट दोहोरो संवाद गर्न सकिने भएकाले पनि गल्ती तुरुन्तै सच्याउन सकिन्छ । कतिपय अवस्थामा श्रोताहरूले गल्ती औंल्याइदिने काम भएको पाइन्छ । जसले गर्दा उति बेलै समाचारको अपडेट गर्ने र सच्याउने काम हुन सक्थ्यो । अर्थात् श्रोताको माध्यमबाट आफ्नो प्रस्तुतिलाई परिस्कृत गर्ने ठाउँ रेडियोहरूले दिएका थिए । श्रोताहरूले दिने सुझाव समाचार वा समाचारमूलक कार्यक्रमबाट नभए पनि अन्य मनोरञ्जनात्मक

---

[३४] कृष्णप्रसाद बास्तोलासँग २०६१ चैत १०, नारायण कार्कीसँग २०६१ चैत १३ र पुण्य पौडेलसँग २०६१ चैत १६ मा गरेको कुराकानीका आधारमा ।

कार्यक्रमबाट भने कार्यक्रमको प्रसारण अवधिमा आउने गरेको हुन्छ । त्यसबाहेक स्टेसन बाहिरका व्यक्तिहरूसँग पनि आफ्ना समाचार र अरू कार्यक्रमबारे प्रतिक्रिया माग्ने गरिएका थिए । आग्रह गरेअनुसार प्रतिक्रिया आउने गरेको गङ्गाधर पराजुली, दीपेन्द्र श्रेष्ठ र कमल पराजुली तीनै जनाको समान कथन छ । सीधै श्रोताहरूले वा स्रोत व्यक्तिहरूले पनि समाचारका विषयवस्तु र गतिविधिलाई औँल्याएर सुझाव दिने प्रक्रिया सुरु भएको कुरालाई डा. विश्वकल्याण पराजुली र डा. दिलबहादुर क्षेत्री सकारात्मक भन्न रूचाउँछन् ।

नेपालमा रेडियो श्रोतासम्बन्धी बृहत सर्वेक्षण बेलाबेलामा हुँदै आए पनि त्यस्तो अभ्यास एफएम स्टेसनको आगमनपछि देखिएको छैन ।[३५] पोखरा क्षेत्रमा पनि यस्तो सर्वेक्षण नभएको हुँदा क-कसले कुन-कुन रेडियोमा कुन कार्यक्रम सुन्छन् भनेर जान्न पाइएको छैन । एफएम रेडियो स्टेसनहरूले आफ्नै व्यापारिक प्रयोजनका लागि श्रोता सर्वेक्षण गराएको भनिए पनि त्यस्ता प्रतिवेदनहरू सार्वजनिक प्रयोजनका लागि प्रकाशमा आउन सकेका छैनन् । यसरी स्टेसनको आवश्यकता मुताबिक सर्वेक्षण गर्ने ओआरजीमार्ग नेपाल (हाल एसी नेल्शन) र वितरक डट कम नामका संस्थाहरूले केही एफएम रेडियोको अनौपचारिक श्रोता सर्वेक्षण गराउन लगाएको बताउँछन् वितरक डट कमका निर्देशक सुमन शाक्य ।[३६] तर ती सर्वेक्षणबाट के नतिजा आयो भन्ने कुरा कुनै पनि स्टेसनले बाहिर ल्याएका छैनन् । यो सर्वेक्षण विज्ञापन दरलगायतका व्यापारिक प्रयोजनका लागि मात्र एफएम संस्थाहरूले प्रयोगमा ल्याएको सुमन शाक्य जानकारी दिन्छन् ।

आफ्नो प्रसारण सुनेर सीधै श्रोताहरूले वा स्टेसनले बनाएका श्रोता क्लबहरूले पठाउने सकारात्मक सुझाव मात्र लिने गरे पनि नकारात्मक वा आलोचनात्मक सुझावहरूलाई स्टेसनहरूले महत्त्व दिएका थिएनन् । नेपालमा एफएम रेडियोका प्रारम्भिक दिनहरूमा यसका श्रोता भन्नेबित्तिकै युवा पिँढी र विषयवस्तु भन्नेबित्तिकै गीत सङ्गीत भन्ने बुझिन्थ्यो, तर अहिले यो अवस्था छैन । अब यी एफएम स्टेसनका लक्षित वर्ग सबैखाले व्यक्तिहरू भएका छन् । समाचार र समाचारमूलक अन्य कार्यक्रमप्रति अत्यधिक रुचि भने प्रायः गरी केही पाका र शिक्षित व्यक्तिहरूकै बढी पाइन्छ । यद्यपि त्यसबाहेकका व्यक्तिले पनि अत्यन्तै अभिरुचिपूर्वक समाचार सुन्ने गरेका थिए । मर्निङवाकमा निस्कने, पसल व्यवसाय गर्नेहरू मात्र नभई

---

[३५] विभिन्न कालखण्डमा गरिएका रेडियो श्रोता सर्वेक्षणसम्बन्धी थप जानकारीको लागि पराजुली (२०६१) हेर्नुहोस् ।

[३६] सुमन शाक्यसँग २०६१ चैत १ मा गरेको कुराकानीबाट ।

घरधन्दामा संलग्न अधिकांश गृहिणीहरू पनि समाचारकै कारण रेडियोका श्रोता भएको प्रकाश सायमी र सरोजगोपाल बज्राचार्यको तर्क छ ।

समाचारलाई नै धेरै रेडियो स्टेसनहरूले आफ्नो अस्तित्वसँग गाँसेर हेर्ने गरेका थिए । सुरुमा समाचार युवा पुस्तालाई कमै लक्षित गरिएको थियो । तर गीत, सङ्गीत र खेलकुदका विषयलाई समाचार बनाउन थालेपछि भने युवाहरूको सङ्ख्या बढेको मान्नेहरू धेरै छन् ।

२०६२ जेठ २ मा पोखरामा समाचारका केही श्रोताहरूसँग एफएमका समाचारबारे धारणा बुझ्ने प्रयास गरिएको थियो । केही प्रतिक्रियाहरू यसप्रकार छन्–

> खेतबारीमा काम गर्दा होस् वा सरकारी कार्यालयमा काम गर्दा, कहाँ के भयो भन्ने कुराको खुल्दुली हुन्थ्यो । त्यस्तो खुल्दुलीलाई एफएम रेडियोहरूले समाचारमार्फत मेटाइराखेका छन् । समाचार सुन्ने बानी पनि यिनै रेडियोले बनाएका हुन् । समाचार सुन्ने बानी भएका कारण समाचार नहुँदा के के नपुगेको जस्तो हुन्छ ।
>
> रामकृष्ण आचार्य (सरकारी कर्मचारी), फूलबारी, पोखरा ।

> समाचारले हामी जस्ता व्यापारीहरूलाई धेरै गुन लगाइदिएको थियो । बजार बन्द हुने वा भएका कुरा, हिंसा वा भिडन्तका समाचार पनि यिनै रेडियोहरूले दिने गरेका थिए । त्यतिमात्र नभएर काठमाडौँका समाचार पनि यी रेडियोबाट सुन्न पाइएका थिए । जुन कुरा थाहा पाउन काठमाडौँबाट आउने पत्रिकाहरू नै कुर्नु पर्दथ्यो । बिहानदेखि बेलुका ढिलोसम्म पनि देशका कुनाकुनाका समाचारहरू सुनाएर धेरै राम्रो काम गरेका थिए ।
>
> शिव बराल (व्यापारी), मालेपाटन, पोखरा ।

> सूचना दिने काममा पोखराका रेडियोहरू धेरै नै सफल भएका थिए । को पहिला र कसले समाचार दिने भन्ने होडमा केही कमजोरी भए पनि छिन्छिन्मा हुने घटनाहरूको अपडेट दिएका थिए । समाचार थाहा पाउन पत्रपत्रिका वा टिभीहरूलाई पनि उछिनेका थिए । पोखरा वा काठमाडौँका समाचार मात्र नभएर देशभरिकै घटनाहरू पनि प्रसार गरेका थिए । समाचारले हामीजस्ता शिक्षकहरूलाई निकै फाइदा पुऱ्याएको थियो ।
>
> होमनाथ शर्मा (उप-प्राध्यापक), पृथ्वीनारायण क्याम्पस, पोखरा ।

> गृहिणी भएका नाताले घरको काम भ्याउन बिहानै उठ्नुपर्ने र कामधन्दामा लाग्नुपर्ने भएकाले पनि रेडियो आफ्नो साथी भएको छ । त्यति मात्र नभएर समाचार सुन्नकै लागि भए पनि बिहानै उठ्ने बानी बसेको थियो । समाचार सुनेर धेरै कुरा थाहा पाउन सकिएको थियो । कहाँ के भयो ? के हुँदैछ ? भन्ने कुरा पनि रेडियो समाचारबाट सुन्न पाइएको थियो ।
>
> राधिका सिग्देल (गृहिणी), कुँडहर, पोखरा ।

रेडियो नेपालको समाचार मात्र सुनेर दिक्क भएका श्रोताहरूलाई यी रेडियोहरूले समाचारबाट धेरै कुरा पस्किदिएका छन् । समाचारकै माध्यमबाट रेडियो सुन्ने बानीमा बढोत्तरी भएको छ । विभिन्न घटनाहरूबारे श्रोताले चाँडै नै थाहा पाउन सकेका थिए । देश विदेशका घटनाबाहेक ज्ञान विज्ञानका कुराहरू थाहा पाउन यी रेडियोका समाचारहरू धेरै सहयोगी सिद्ध भएका थिए । सन्तुलित समाचार वा विश्लेषणमूलक समाचार सुन्न बीबीसी जस्ता अन्तर्राष्ट्रिय प्रसारणमा मात्र भर पर्ने अवस्थाको अन्त्य जस्तै भएको थियो । हरेक समाचार दिन स्टेसनहरू प्रयत्नरत थिए । स्रोत र साधन कम हुँदा पनि समाजको विविध पक्षलाई उजागर गरेका थिए । यिनै रेडियोको समाचारबाट पोखरेली श्रोताले मनग्गे खुराक पाउन सकेका थिए ।

## निष्कर्ष

निजी क्षेत्रबाट रेडियो प्रसारण प्रारम्भ गरेको चार वर्षको समय ज्यादै छोटो अवधि हो । त्यसमा पनि प्रयोग गर्दै र सिक्दै अगाडि बढेको मिडिया त धेरै फस्टायो । पोखरा जस्तो सानो क्षेत्रमा चार चारओटा रेडियो स्टेसन खुले । स्टेसन खुलेर मात्र पुगेन, भएका सबैले एउटै खालको कार्यक्रमलाई पछ्याउदै अघि बढे । समाचार एउटाले दिन खोज्यो, अर्कालाई लाग्यो समाचार नदिए पछि परिन्छ भन्ने, तर उनीहरूले यो सोचेनन् कि अर्काले गरेको कुरा आफूले गर्न खोज्दा त्यसका लागि के के चाहिन्छ, लगानी कति गर्नुपर्छ । जनशक्ति कति र कस्ता भन्नेतर्फ रेडियो खोल्नेहरूले कहिल्यै गम्भीरपूर्वक सोचेको देखिएन । स्टेसनमा गरिने लगानी समाचार शाखाको लागि भन्दा गीतसङ्गीत प्रति केन्द्रित थियो । जनशक्तिमाथिको लगानीमध्ये तलब अलग गरेर हेर्न खोज्यो भने त्यो शून्य देखिन्छ । पहिलो त कम जनशक्तिबाट समाचार शाखा चलाइएको थियो । जनशक्ति थपेर समाचारलाई प्रभावकारी बनाउने भन्दापनि काठमाडौँबाट उत्पादित समाचार प्याकेज राख्न स्टेसनहरू (रेडियो अन्नपूर्णबाहेक) बढी उत्सुक देखिए । काठमाडौँबाट उत्पादन भएको समाचार प्रसारणार्थ गरिएको लगानी पोखरामा नै लगाउनु पर्छ । त्यसको लागि स्थानीय समाचारलाई प्राथिमकता दिइनुपर्छ । रेडियोमा नै रहेको जनशक्तिलाई प्रयोग गर्ने वा आवश्यक जनशक्ति आदि सवालबारे स्टेसनले ध्यान दिन सकेनन् । काठमाडौँमा नै बनेको समाचारलाई प्रसारण गर्ने भन्दा काठमाडौँको समाचारलाई विभिन्न तरिकाले (फोन, फ्याक्स वा मेल र अनलाइनबाट) लिएर समाचार बनाउन सक्नुपर्थ्यो । बरू यसको लागि स्टेसनहरूले जनशक्ति बढाएर थप जिम्मेवारी दिन सक्नुपर्थ्यो । तर त्यसो हुन सकेन ।

समाचार विश्लेषण गर्न लाग्दा समाचार अर्कैले फुत्काउला भनेर पनि जति सक्दो छिटो समाचार दिनमा सबै स्टेसन अगाडि नै देखिए । समाचार छिटो दिने प्रतिस्पर्धाका कारण समाचारको मात्रा त बढ्यो तर गुणस्तर भने बढ्न सकेन । समाचार खाली घटनाप्रधान मात्र भए । घटनामा को पहिला पुग्ने कसले समाचार छिटो दिने भन्नेमा नै रिपोर्टरहरू तल्लीन भए । तर, विश्लेषणमूलक तथा खोजमूलक सामग्रीले भने समाचारमा स्थान पाएनन् । यसो हुनुमा यथेष्ट जनशक्तिका अलावा तिनलाई दक्ष बनाउन आवश्यक तालिम नहुनु नै हो । जनशक्तिहरूलाई समयोचित तालिमहरू प्रदान गर्ने हकमा स्टेसन मालिकहरूले लगानी गर्न चाहेको देखिएन । रेडियो स्टेसनहरूबीच समाचार प्रसारण गर्ने होड चल्यो । तर समाचारमा के प्रसारण गर्ने, के नगर्ने भन्ने सम्पादकीय नीति बनाउन सकेनन् । संस्थागत नीतिभन्दा पनि व्यक्तिको विवेकले नै काम गर्नुपर्ने स्थिति विद्यमान रह्यो । फलस्वरूप समाचार प्रसारणका कारण कतिपय अवस्थामा विवादहरू पनि उठ्न पुगे । सरकारले पनि रेडियो स्टेसनहरूलाई कर असुल्ने निकायको रूपमा मात्र व्यवहार गऱ्यो । रेडियो पत्रकारितालाई मर्यादित गराउने तथा यसलाई विकास गर्नेबारे सरकारले पटक्कै ध्यान दिएको पाइएन ।

एफएम रेडियोका समाचार जनतालाई छिटो सूचना दिने सवालमा सकरात्मक प्रभाव पारे । स्रोत र साधन कम भएको पोखरा जस्तो सानो ठाउँमा रेडियो प्रसारणमा समाचारको अभ्यास आसलाग्दो थियो । कुनाकाप्चाका खबरहरू चुलोदेखि अड्डासम्म एफएम रेडियो सेटमार्फत पुग्न सके ।

समग्रमा भन्नुपर्दा रेडियोले केही गर्न सकेन भन्न मिल्दैन तर यसलाई अगाडि बढाउने दीर्घकालीन सोचको अभाव भने रहेको देखियो । रेडियो पत्रकारितामाथि लगानीको आकार बढाउनु तथा जनशक्ति विकास गर्नु अति आवश्यक थियो । त्यसका लागि भएका जनशक्तिलाई समयोचित तालिम तथा वृत्ति विकासमा ध्यान पुऱ्याउन सक्नु पर्दथ्यो । जनशक्तिको भर्ना तथा छनोटका लागि निश्चित मापदण्ड बनाउनु पर्दथ्यो, जसले गर्दा समाचारको सङ्कलन, सम्पादन, स्रोतहरू खुट्टयाउन सक्ने खुबी होस् । समाचार बुलेटिनलाई सङ्ख्या बढाउने र छिटो दिने प्रतिस्पर्धाका रूपमा मात्र नभएर यसको गुणस्तर कायम गर्नेतर्फ पनि ध्यान दिन सके स्टेसनको दिगोपनका लागि फलदायी हुन्थ्यो भने पोखरेली श्रोताहरूलाई पनि निकै गुन गरेको ठहरिन्थ्यो ।

## अध्ययनका क्रममा सम्पर्क गरेका व्यक्तिहरू

| | | |
|---|---|---|
| १. | अनुराग अधिकारी | संवाददाता, हिमचुली एफएम |
| २. | कुसुमकेशव पराजुली | पूर्व स्टेसन संयोजक हिमचुली एफएम |
| ३. | केशवराज पराजुली | स्वतन्त्र पत्रकार |
| ४. | केशवशरण लामिछाने | संवाददाता, पोखरा एफएम र *समय* साप्ताहिक |
| ५. | कृष्णप्रसाद बास्तोला | सम्पादक, *आदर्श समाज* दैनिक, पोखरा |
| ६. | गङ्गाधर पराजुली | समाचार संयोजक, माछापुच्छ्रे एफएम |
| ७. | गोपाल गुरागाईं | प्रबन्ध निर्देशक, कम्युनिकेसन कर्नर |
| ८. | डा. दिलबहादुर क्षेत्री | क्याम्पस प्रमुख, पृथ्वी नारायण क्याम्पस, पोखरा |
| ९. | दिलीप राई | स्टेसन म्यानेजर, हिमचुली एफएम |
| १०. | दीपेन्द्र श्रेष्ठ | स्टेसन इन्चार्ज, रेडियो अन्नपूर्ण |
| ११. | देव क्षेत्री | प्रबन्ध निर्देशक, माछापुच्छ्रे एफएम |
| १२. | नवीन खतिवडा 'पखेली' | पूर्व संवाददाता, रेडियो अन्नपूर्ण |
| १३. | नारायण कार्की | बीबीसी नेपाली सेवाको पोखरास्थित संवाददाता र सम्पादक, *समाधान* दैनिक पत्रिका पोखरा |
| १४. | पुण्य पौडेल | सम्पादक, *पोखरापत्र* दैनिक |
| १५. | प्रकाश सायमी | पूर्व स्टेसन म्यानेजर, रेडियो अन्नपूर्ण |
| १६. | प्रीतममान बुद्धाचार्य | स्टेसन प्रमुख, पोखरा एफएम |
| १७. | बद्रीविनोद प्रतीक | सम्पादक, *हिमदूत* साप्ताहिक |
| १८. | रमेश पौडेल | संवाददाता नेपाल टेलिभिजन र *हिमाल* खबरपत्रिका |
| १९. | राजेन्द्र दाहाल | सम्पादक, *हिमाल* खबरपत्रिका |
| २०. | लेखबहादुर गुरुङ | लगानीकर्ता हिमचुली एफएम |
| २१. | वर्षाकेशव पराजुली | पूर्व सहायक स्टेसन म्यानेजर, हिमचुली एफएम |
| २२. | विज्ञान शर्मा | बजार व्यवस्थापक, रेडियो अन्नपूर्ण |
| २३. | डा. विश्वकल्याण पराजुली | उप-प्राध्यापक, पृथ्वीनारायण क्याम्पस, पोखरा |
| २४. | शिवलाल मल्ल | लगानीकर्ता, रेडियो अन्नपूर्ण |
| २५. | श्रीराम सिग्देल | पूर्व संवाददाता, इमेज एफएम |
| २६. | सरोजगोपाल बज्राचार्य | स्टेसन म्यानेजर, माछापुच्छ्रे एफएम |
| २७. | सुमन शाक्य | प्रबन्ध निर्देशक, वितरक डट कम |